
# लेखापरीक्षण प्रतिवेदन

## राजपुर नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## राजपुर नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/700

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री नगर प्रमुखज्यू,
राजपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रौतहट।

**कैफियतसहितको राय।**

हामीले राजपुर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १८ करोड ८८ लाख ३३ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५४ लाख १० हजार समेत गरी रु.१९ करोड ४२ लाख ४३ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू. १६ करोड ६० लाख ६९ हजार, समपूरक अनुदान रू. ४९ लाख ८८ हजार र विशेष अनुदान रू. ९९ लाख ८१ हजार समेत रू. १८ करोड १० लाख ३८ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. ६७ लाख ३९ हजार बचत रहेको छ । उक्त रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

३. नगरपालिकाको रु. १ अर्ब ७ करोड ५ लाख १० हजार लेखापरीक्षण गरिएकोमा रू. ६ करोड ६३ लाख २८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकाले बांकी वेरुजुमा असुल गर्नुपर्ने रू. १ करोड ७ लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९६ लाख ७ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९७ लाख ९८ हजार र पेस्की बाँकी रु. ६२ लाख १६ हजार समेत यस वर्ष रू. ६ करोड ६३ लाख २८ हजार बेरुजू कायम रहेको छ।नगरपालिकको गत वर्षसम्म रु.९६ करोड २६ लाख ४२ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फस्र्यौट एवं यस वर्ष कायम बेरुजु समेत हालसम्मको अद्यावधिक

बेरुजू रु. १ अर्ब २ करोड ८८ लाख ७ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

४. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, ईन्धन तथा विविध खर्चमा नियन्त्रण हुन नसकेको ,आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७९ | १७६ | ६,६३,२७,६०० | ० | ० | ० | ० | ७९ | १७६ | ६,६३,२७,६०० | १,०७,०७,३७२ | २,९७,९७,४८८ | १,९६,०६,७४२ | ० | ० | ४,९४,०४,२३२ | ६२,१६,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रौतहट | ९६२६४२००० | ० | १६३००० | ९६२४७९००० | ० | ६६३२७६०० | १०२८८०६६०० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ९३ | विल भरपाई बेगर खर्च | १,६३,००० |
| जम्मा | | | | १,६३,००० |

# (८०२२०५०३३०० - राजपुर नगरपालिका, रौतहट )

# राजपुर नगरपालिका , रौतहट

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस राजपुर नगरपालिकामा ९ वडा रहेका छन भने क्षेत्रफल ३१.४१ वर्ग किलोमिटर तथा ५४०८३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।१ देखि २०८१।९।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा पारिश्रमिक कर रु. १६८३०।० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन**

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ८३०७९३३६.१९ | ८३०७९३३६.१९ | ८१८५०८८६.८० | ८१८५०८८६.८० |
| १३००० | अनुदान | ३००७५७२३८.५३ | ३००७५७२३८.५३ | ४०४०६५५००.०० | ४०४०६५५००.०० |
| १४००० | अन्य राजस्व | ७५९०९२.६८ | ७५९०९२.६८ | १३९९३५४०.०० | १३९९३५४०.०० |
| १५००० | विविध प्राप्ति | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **क** | **कुल जम्मा प्राप्ति** | **३८४५९५६६७.५८** | **३८४५९५६६७.५८** | **४९९९०९९२६.८०** | **४९९९०९९२६.८०** |
| ३ | चालु | २५०२३०२१६.७२ | २५०२३०२१६.७२ | २६९०८६९३२.७२ | २६९०८६९३२.७२ |
| २१००० | पारिश्रमिक / सुविधा | १०५६३२३३३.१२ | १०५६३२३३३.१२ | १०१७२०७४६.३२ | १०१७२०७४६.३२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १४१७८४१२८.६० | १४१७८४१२८.६० | १४४९८७१९५.८९ | १४४९८७१९५.८९ |
| २५००० | सहायता (Subsidy) | २२११९५५.०० | २२११९५५.०० | ७१६३३०.०० | ७१६३३०.०० |
| २७००० | सामाजिक सुरक्षा | ०.०० | ०.०० | २२१६०००.०० | २२१६०००.०० |
| २८००० | अन्य खर्च | ६०२६००.०० | ६०२६००.०० | १९४४६६६०.५१ | १९४४६६६०.५१ |
| ४ | पूंजीगत | १८०१३८७४०.३९ | १८०१३८७४०.३९ | २३४२१५१७७.५९ | २३४२१५१७७.५९ |
| ३१११० | भवन तथा संरचना | १५९६५९४१.०० | १५९६५९४१.०० | ५१६८७४६४.०० | ५१६८७४६४.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | २६५३०११.०० | २६५३०११.०० | ३०००००.०० | ३०००००.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १०१७८५३५.०० | १०१७८५३५.०० | ७८८९७९९.०० | ७८८९७९९.०० |
| ३११४० | सुरक्षा उपकरण | ०.०० | ०.०० | ३९९०००.०० | ३९९०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | १४९१४४२५३.३९ | १४९१४४२५३.३९ | १६९३६४४६४.५९ | १६९३६४४६४.५९ |
| ३११७० | पूँजीगत सुधार खर्च | २१९७०००.०० | २१९७०००.०० | ४५७४४५०.०० | ४५७४४५०.०० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **४३०३६८९५७.११** | **४३०३६८९५७.११** | **५०३३०२११०.३१** | **५०३३०२११०.३१** |
| **ग)** | **बचत / कमी (ग = क-ख )** | (४५७७३२८९.५३) | (४५७७३२८९.५३) | (३३९२१८३.५१) | (३३९२१८३.५१) |
| **घ)** | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ३०८८४९९.०७ | ३०८८४९९.०७ | (९५२०२७.००) | (९५२०२७.००) |
| **घ.१)** | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | (३५२९३३१.८९) | (३५२९३३१.८९) | (२१४४४६२.३७) | (२१४४४६२.३७) |
| **ङ)** | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (४२६८४७९०.४६) | (४२६८४७९०.४६) | (४३४४२१०.५१) | (४३४४२१०.५१) |
| **च)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | १७८९६९५१.३५ | १७८९६९५१.३५ | २२२४११६१.८६ | २२२४११६१.८६ |
| **छ)** | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | ० | ० | ० | ० |
| | | | | | |

| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | (२४७८७८३९.११) | (२४७८७८३९.११) | १७८९६९५१.३५ | १७८९६९५१.३५ |
|---|---|---|---|---|---|

३ **वित्तीय विवरण विश्लेषणः**

३.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१८८८३३३६१।९९, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ५४१००००।०० समेत गरी रु १९४२४३३६१।९९ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबारको एकीकृत आर्थिक विवरण तयार गरी सबै किसिमका कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ५३८४९४४.३२ , यस वर्षको प्राप्ति रु. ४९०१८९८८।१९, यस वर्षको भुक्तानी रु. १२६३२३८३।२४ र बैङ्क मौज्दात रु. (१३९८११२७।०९) फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गत वर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १७८९६९५१.३५ | ३८४५९५६६७.५८ | ४३०३६८९५७.११ | (२७८७६३३८.१८) |
| एकीकृत आर्थिक विवरण अनुसार | २३२८१८९५.६७ | ४३३६१४६५५.७७ | ४४३००१३४०.३५ | १३८९५२११.०९ |
| **फरक** | **५३८४९४४.३२** | **४९०१८९८८.१९** | **१२६३२३८३.२४** | **(१३९८११२७.१०)** |

३.३ **फरक मौज्दातः** पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन अनुसार बैंक मौज्दात रु. (२४७८७८३९.११) देखिएकोमा गत वर्षको जिम्मेवारी रु.१७८९६९५१.३५ र यस वर्षको प्राप्ती रु.३८४५९५६६७.५८ गरि जम्मा रु.४०२४९२६१८। ९३ मा यस वर्षको भुक्तानी रु. ४३०३६८९५७.११ घटाउँदा रु. (२७८७६३३८.१८) बैंक मौज्दात देखिएको छ।पालिकाको सुत्र अनुसारको बैंक मौज्दात र बैंक स्टेटमेन्ट अनुसारको बैंक मौज्दातमा समेत फरक परेको देखिएकोले बैंक र सुत्रको हिसाव मिल्ने गरि पालिकाले हिसाब मिलान गर्नुपर्दछ।

३.४ **फरक जिम्मेवारीः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ।पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२००४१४१३.७२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१७८९६९५१.३५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२१४४४६२।३७ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,४४,४६२ |

३.५ **कर दायित्वः** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा आयकर ऐन ,२०५८ को दफा ८७ ,८८ र८९ अनुसार कट्टी गरेको कर दायित्व रु.३५२९३३१.८९ देखाएको छ।एकिन भई सकेको दाखिला गर्न

बाँकी कर दायित्व सम्बन्धित आर्थिक वर्षमा दाखिला नभएको तथा लेखापरीक्षण अवधिसम्म समेत दाखिला नभएकोले उक्त रकम दाखिला हुनुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,२९,३३२ |

३.६ **बैङ्क हिसाब विवरणः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैक स्टेटमेन्ट अनुसार | फरक |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ६४६८६४।०२ | ६४६८६४।०२ | ० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ३२१४९२३।०६ | ३२१४९२३।०६ |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ५७ | ५७ |
| ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ३२६४।७६ | ४११९७२।३२ | ४०८७०७।५६ |
| ग २.४, पुँजीगत खर्च खाता- विजोर वर्ष | ३३००१।३२ | ०।३२ | ÷३३००१ |
| ग २.७, विविध खर्च खाता | २४३६७४ | २४३६७४ | ० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ८८३९६७४।४८ | ८८३९६७४।४८ | ० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ० | ५२६४१४।० | ५२६४१४।० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ११६३१।८९ | ११६३१।८९ | ० |
| जम्मा | ९७७८११०।४७ | १३८९५२११।०९ | ४११७१००।६२ |

पालिकाले म.ले.फा.नं.२१२ तयार गरेको पाइएन।सुत्रमा आम्दानी बाँधिएको रकम सँग आन्तरिक राजस्व, चालु खर्च खाता, पुँजिगत खर्च खाता र धरौटी खाता बैंक स्टेटमेन्टसँग भिडान गर्दा फरक पर्न गएको देखिन्छ।श्रेस्ता अनुसार बाँकी मौज्दात रु. ९७७८११०।४७ देखिएकोमा बैक स्टेटमेन्ट अनुसार रु. १३८९५२११।०९ देखिएको छ। बैकमा भन्दा स्रेस्तामा रु. ४११७१००।६२ घटी मौज्दात देखाएको सम्बन्धमा पालिकाले एकिन गरि हिसाव मिलान गर्नुपर्दछ।

३.७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ।आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ४११९७२।३२, आन्तरिक राजस्व खातामा रु. ६४६८६४।०२, राजस्व बाँडफाँड खातामा रु. ३२१४९२३।०६ समेत रु. ४२७३७५९।४० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

## ४ योजना तर्जुमा, बजेट तथा कार्यक्रमः

४.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।३।१० गते रु. ४३ करोड २१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।२१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४.२ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | १२२२८१३९ | १२०३६७६६।६० | ९८.४३ |
| पूर्वाधार विकास | १५४३४८८१७।४५ | १४३९२०७३७।८४ | ९३.२४ |
| सामाजिक विकास | १६२९८३१८४ | १५६९२२३८८।५२ | ९६.२८ |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | ९४००००० | ९२७६८८४ | ९८.६९ |
| कार्यालय संचालन तथा प्रशासनिक | १२९३७३६६३।१० | १०८२१२१८०।१५ | ८३.६४ |
| **जम्मा** | **४६८३३३८०३।५५** | **४३०३६८९५७।११** | **९१।८९** |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ९८.४३ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ९६.२८ प्रतिशत, पूर्वाधारतर्फ ९३.२४ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ९६.६९ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च ८३.६४ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ९८.४३ प्रतिशत खर्च गरेको देखिंदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गरि गरिवी निवारण न्युनिकरण गर्नुपर्दछ।कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेको देखिन्छ।प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ।साथै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा बजेट विनियोजन एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

४.४ **योजना छनौट र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | २ | १०६६१३ |
| २ | रू.१ लाख देखि रू.२ लाख सम्मका योजना | १ | १२६२६६ |
| ३ | रू.२ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ४ | १५६३५७६ |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | १२ | १०६८०३४२ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १२ | २१७६९५०५ |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | १७ | ७१३७७२३७ |
| **जम्मा** | | **४८** | **१०५६२३५३९** |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी भौगोलिक दुरी र पहँचका आधारमा एकमुष्ठ लागत अनुमान तयार गरी २० लाख भन्दा माथीका योजना निर्माण कार्यमा र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

४.५ **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ४५३३७१७.७६ राजस्व बाँडफाँड र अनुदानबाट रु. ३८४५९५६६७.५८ समेत रु. ३८९१२९३८५.१६ आम्दानी भएकोमा चालु तर्फ रु. २५०२३०२१६.७२ र पूँजिगत तर्फ रु. १८०१३८७४०.३९ समेत रु.४३०३६८९५७.११ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९२५९२५०.० खर्च भएको छ जुन आन्तरिक आयको २०४.२३ प्रतिशत रहेको छ । पालिकालाई यस वर्ष सबै अनुदान र राजस्व सहित कुल रु. ५००४६०४३३.४४ प्राप्त भएकोमा ५०.० प्रतिशत चालु र ३५.९९ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

४.६ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक प्रगति विवरण तयार गरि पेश गरेको छैन।पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २४४५३.०० | ०.०० | १४२.०० | २४३१२.०० | ०.०० | १०७२.०० |
| २ | प्रदेश पूँजीगत | १३२३५.०० | ०.०० | ३०१९.०० | १०२१५.०० | ०.०० | ८७६९.०० |
| ३ | गाउँपालिका पूँजीगत | १४२४५१.०० | ५३३९२.०० | ३९४१९.०० | ४९६४०.०० | ०.०० | १०३२४.०० |
| | कूल खर्च | १८०१३९.०० | ५३३९२.० | ४२५८०.०० | ८४१६७.०० | ०.०० | २०१६५.०० |
| | खर्च प्रतिशत | १०० | २९.६४ | २३.६४ | ४२.७२ | ०.०० | ११.१९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १८०१३९.०० खर्च भएकोमा प्रथम चौमासिकमा रु५३३९२.० (२९.६४) प्रतिशत, दोस्रो चौमासिकमा रु. ४२५८०.०० (२३.६४) प्रतिशत र तेस्रो चौमासिकमा रु. ८४१६७.०० (४२.७२) प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २०१६५.०० (११.१९) प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी

कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा पालना भएको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही ऐन २०, नियमावली १५, कार्यविधि र निर्देशिका २० गरि जम्मा ५५ निर्माण गरेको छ।आवश्यक्ता अनुसार कानून तर्जुमा र कार्यान्वियन हुनुपर्दछ।
- भ्रमण खर्च नियमावली, २०६४ तथा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अभिलेख बेगर, कार्यमा स्पष्ट उदेश्य तय नभई तथा भ्रमण प्रतिवेदन पेश नभई भ्रमण खर्च भुक्तानी दिने गरेको।

नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वियन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वियन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको परिपालनामा कमी आउने हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

६ **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी यस बर्षको बार्षिक कार्यक्रमसमेत समावेस गर्नुपर्नेमा एकमुष्ट रुपमा गत बर्ष भुक्तानी दिन बाँकी रकम समावेस गरेको जनाएको छ ।यसरी बार्षिक कार्यक्रममा समेत असर पर्ने गरी विभिन्न शिर्षकमा रु.१९५६०३३०।भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी गर्दा सम्बन्धित बर्षको बजेटले खाम्ने गरी श्रोतको सुनिश्चित भएपछि मात्र योजना छनौट र बजेट विनियोजन गरि सोहि अनुसार कार्यक्रम संचालन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।केहि उदाहरण देहाय बमोजिम छन्।

| गो.भौ.नं. र मिती | कर्मचारीको नाम | भुक्तानी रकम | विवरण |
|---|---|---|---|
| १५।२०८०। ६।२५ | नगर शिक्षकहरु | ७४४००० | आब २०७९।०८० को नगर शिक्षकहरुको चौथो त्रैमासिक २०८० जेठ असार महिनाको पारिश्रमिक सामुदायिक विद्यालयलाई निकासा |
| १६।२०८०। ०६।२५ | ४० जना कर्मचारीहरु | २८०००० | आब २०७९।०८० को बालबिकास शिक्षक कार्यालय सहयोगी तथा लेखा कर्मचारीहरुको पालिकाबाट थप निकासा हुनुपर्ने रकम |
| १०।२०८०। ०६।२३ | ३ जना कर्मचारी | ९०६०० | एमआईएस अपरेटर सालिम अंसारी अनिल कुमार साह अब्दुल कदिरलाई असारको तलब भुक्तानी |
| ८६।२०८०। १२।२० | ३ जना कर्मचारी | १७१६६० | स्वास्थ्य तर्फका करार कर्मचारीहरु सन्तोष यादव रुना कुमारी यादव र रामबाबु साहको २०७९ चैत्र र २०८० बैशाख महिनाको तलब भुक्तानी |
| ९७।२०८१। ०१।२१ | ३ जना कर्मचारी | ६२६४० | स्वास्थ्य तर्फका कर्मचारीहरुको छुट ग्रेड भुक्तानी |
| | जम्मा | १३४८९०० | |

### ७ यस वर्षको भुक्तानी दिन बाँकीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा बिभिन्न १० योजनाको रु.२१००००००।०० भुक्तानी दिन बाँकी रहेको बिबरण पेस गरेको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ।

### ८ आन्तरिक लेखापरीक्षणः

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको संघीय वित्तिय हस्तान्तरण तर्फको आन्तरिक लेखापरीक्षण गराएको र सो बाहेकको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको लेखापरीक्षण अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ कानुनमा तोकिए बमोजिम यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने गरी आन्तरिक लेखापरीक्षण गराउने तर्फ ध्यान दिनु पर्दछ।

### ९ न्यायिक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष दर्ता भएका मुद्दा १२६ यस वर्ष थप ३२ गरि कुल १५८ मुद्दा दर्ता भएकोमा ५६ वटा मात्र फर्स्यौट भई १०२ वटा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१० **सेवाप्रवाहको स्थितिः**

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा ३०५५ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ । यस बाहेक अन्य सेवा जस्तै सूचना प्रविधिको प्रयाोग र आम्दानी खर्चको सार्वजनिक प्रवाह भएको विवरण पेश भएको छैन।

| **विवरण** | **सेवा संख्या** |
|---|---|
| जन्म दर्ता | १९८४ |
| मृत्यु दर्ता | ४१४ |
| बसाईसराई दर्ता | ४९ |
| विवाह दर्ता | ६०६ |
| सम्बन्ध विच्छेद दर्ता | २ |
| **जम्मा** | ३०५५ |

११ **संगठन तथा कर्मचारी ब्यवस्थापनः**

११.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म निमीत्त प्रमुख प्रशाकीय अधिकृत र करार कर्मचारी सहित ७८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

११.२ **करार व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।पालिकाले यस वर्ष विभिन्न १८ पदमा १९८ जना कर्मचारीहरु करारमा नियुक्ति गरि रु.५१४२१४७०।०० तलव खर्च लेखेको छ ।

त्यसैगरि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन।पालिकाले उल्लेखित पदहरुमा बाहेक दरबन्दी भन्दा बढी कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.२२७८१०००।० भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु..

| पद | नियुक्ति संख्या | स्वीकृत दरबन्दी | करार बढी पदपुर्ति | वार्षिक तलव भत्ता रु. |
|---|---|---|---|---|
| कम्प्युटर अपरेटर | ५२ | १४ | ३८ | ९२७२००० |
| कार्यालय सहयोगी | ६१ | २० | ४१ | ७९९५००० |
| सुपरभाईजर | ४ | ० | ४ | १३४०००० |
| अ. हे. व (पालिका तर्फ) | ११ | ० | ११ | २६८४००० |
| अनमी (पालिका तर्फ) | ५ | ० | ५ | १२२०००० |
| हेल्थ असिस्टेन्ट (पालिका तर्फ) | २ | १ | १ | २७०००० |
| **जम्मा** | **१३५** | **३५** | **१००** | **२२७८१०००** |

| | |
|---|---|
| अनियमित भएको | २,२७,८१,००० |

११.३ **ज्यालादारी कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिका तथा वडाहरुमा कार्यालय सरसफाई, बजार सरसफाई लगायत अन्य विविध कार्यका लगि ५ जना कर्मचारी ज्यालादारीमा राखी वर्षभरिमा रु.१५०००००।०० भुक्तानी गरेको छ । स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था अनुसार कामको प्रकृति अनुसार दरबन्दी प्रस्ताव गरी स्थायी वा करार कर्मचारीमार्फत कार्य गराउने तर्फ नगरपालिकाले पहल गर्नुपर्ने देखिन्छ।

१२ **पेश्की बाँकी विवरणः**

**म्याद नाघेको पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेकोले उक्त म्याद नाघेको पेश्की रु.६२१६०००।० नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु..

| क्र स | भौ नं र मिति | पेश्की विवरण | पेश्की लिने व्यक्ती।फर्म | फस्यौटको अन्तिम म्याद | म्याद नाघेको |
|---|---|---|---|---|---|
| १ | १३६/०८०।११।०४ | वडागत (उपप्रमुख समेत) योजना संचालन | वडा नं १ देखी वडा नं ९ सम्मका वडा कार्यालयका वडा सचिवहरु | २०८०।१२।१० | २७०००००० |
| २ | १६१/०८१।०१।१७ | संस्थागत अनुदान सहयोग | रौतहट जिल्ला क्रिकेट संघ गौर, रौतहट | २०८१।०२।२१ | १०००००० |
| ३ | ३५/०८१।०३।२४ | छटघाट भगवानपुर छातिया खोला झो.पु धुङ्याघाट झो.पु. | भकुवा नदि छठीया छाट झुलुंगे पुल निर्माण उ.स. राजपुर न.पा.६ | २०८१।०३।२८ | २०००००० |
| ४ | ४५/०८०।१०।२६ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानिय तहस्तरीय) | शिक्षा प्रमुख मो. खुर्सैद आलम | २०८०।१२।०२ | ९०००० |
| ५ | १४८/०८०।१२।१९ | राष्ट्रिय परिचय पत्र तथा अन्य भुक्तानी | सुपरभाईजर मो.असगर प्रवेज | २०८१।०१।१४ | २५००० |
| ६ | ८८/०८०।१२।२० | विधालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान | शिक्षा प्रमुख मो. खुर्सैद आलम | २०८१।०१।२५ | ११७००० |
| ७ | ११/०८०।१२।२८ | छटघाट भगवानपुर छातिया खोला झो.पु धुङ्याघाट झो.पु. राजपुर नगरपालिका | का स इस्तेखार लहेरी | २०८१।०२।०२ | १७५००० |
| ८ | ९६/०८१।०१।१८ | गरिबी निवारणका लागी लघु उधम विकास कार्यक्रम संचालन | क अ मो. जाबेद आलम | २०८१।०२।२२ | २००००० |
| ९ | ९६/०८१।०१।१८ | गरिबी निवारणका लागी लघु उधम विकास कार्यक्रम संचालन | क अ मो. जाबेद आलम | २०८१।०२।२२ | ४००००० |
| १० | १९/०८१।०२।२७ | रोजगार सेवा केन्द्रको सुदृढीकरण (कम्पयुटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विधुतिय उपकरण) | रोजगार संयोजक फिरोज अन्सारी | २०८१।०३।३० | २००००० |
| ११ | ११५/०८१।०२।२७ | रोजगार संवाद मञ्चको सञ्चालन | रोजगार संयोजक फिरोज अन्सारी | २०८१।०३।३० | ३०००० |
| १२ | ११५/०८१।०२।२७ | सञ्चालित रोजगार आयोजनाहरूको अनुगमन/निरीक्षण | रोजगार संयोजक फिरोज अन्सारी | २०८१।०३।३० | ४५००० |
| १३ | ११५/०८१।०२।२७ | स्थानिय तहको रोजगार रणनिति तर्जुमा/अध्याधविक/कार्यान्वियन | रोजगार संयोजक फिरोज अन्सारी | २०८१।०३।३० | ५०००० |
| १४ | ११५/०८१।०२।२७ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | रोजगार संयोजक फिरोज अन्सारी | २०८१।०३।३० | ६०००० |
| १५ | ११५/०८१।०२।२७ | अन्य विविध खर्च | रोजगार संयोजक फिरोज अन्सारी | २०८१।०३।३० | २४००० |
| **जम्मा** | | | | | **६२१६०००** |
| | | | | पेश्की | ६२,१६,००० |

१३ **धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तीगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार गतवर्षको धरौटी जिम्मेवारी रु. ८४७२६८४।४८ यो वर्षको प्राप्त धरौटी आम्दानी रु. ४७६९९०।० समेत जम्मा आम्दानी रु. ८९४९६७४।४८ भएएको मध्ये फिर्ता रु.

११००००।० गरी बांकी धरौटी रु. ८८३९६७४।४८ देखिन्छ । व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको कारण धरौटी खातामा मौज्दात रहेको रु. ८८३९६७४।४८ मध्ये केहीको कुन वर्ष देखिको कस्को नामको के वापत धरौटी रहेको हो यकिन हुँदैन । धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत धरौटी खाता नरहेकोले वैंक स्टेटमेन्ट अनुसार फिर्ता गर्ने गरेको पाइयो । व्यक्तिगत धरौटी खाता अद्यावधिक नहुंदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ।

१४ **मु अ कर समायोजन पेश नभएको : (बै हि वि नं १९/०८०। १२।२०)**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(४) मा कट्टा गरिएको रिटेन्सन मनीको बाँकी पच्चास प्रतिशत रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनु पर्ने व्यवस्थाको साथैआन्तरिक राजश्व कार्यालयको मिति २०७१।५।३० को परिपत्रअनुसार कार्यालयले कार्यसम्पन्न पश्चात संस्थाको धरौटी फिर्ता गर्दा सम्बन्धित संस्थाले सो कारोबार रकम बराबरको मूल्य समायोजन पेश गरे पछि मात्र धरौटी फिर्तापाउनेव्यवस्था छ । पालिकाले शिवालय कोल एण्ड कन्सट्रक्सनलाई रु ११०००० धरौटी रकम फिर्ता गर्दा मूल्यअभिवृद्धि कर समायोजन वेगर भुक्तानी गरेको देखियो।धरौटी रकम फिर्ता गर्दा ऐनमा तोकिएको प्रक्रिया पुरा गरेर मात्र गर्नुपर्दछ ।यसरी ऐन नियममा भएको ब्यवस्था विपरित भुक्तानी गरेको रकमको कर समायोजन पत्र पेश हुनुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,००० |

१५ **पदाधिकारी सुविधाः**

१५.१ **पदाधिकारी सुविधा :**-मधेश प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसूची-१(ख) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ।पालिकाले यस वर्ष ५१ पदाधिकारी र सदस्यहरुलाई रु. ९२५९२५०।० सुविधा भुक्तानी दिएको छ।पालिकाको आन्तरिक आय रु. ४५३३७१७.७६ रहेकोमा पदधिकारी सुविधामा रु. ४७२५५३२.२४ बढी खर्च भएको छ।जुन आन्तरिक आयको तुलनामा १०४.२३ प्रतिशत बढी खर्च हुन आउँछ।

१५.२ **कानुनी सल्लाहकारः** स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७। ११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन।पालिकाले यस वर्ष कानूनी सल्लाहकार श्री सन्जिप कुमार मल्लिकलाई नियुक्त गरि वार्षिक रु. ५६७९५७।० र सल्लाहकार श्री कौशार आलमलाई नियुक्त गरी बार्षिक रु. ६३३५८१।०० गरि जम्मा रु. १२०१५३८।० पारीश्रमिक भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार नगरेको साथै निजको कार्यसम्पादन अभिलेख (टिओआर) समेत नराखी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | १२,०१,५३८ |

१५.३ **पारिश्रमिक करः** आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्कमा १५ प्रतिशत कर लाग्ने व्यवस्था छ।पालिकाले निम्न कानूनी सल्लाहकारलाई पारिश्रमिक भुक्तानी दिंदा १ प्रतिशत मात्र कर कट्टा गरेकोले नपुग कर असूल हुनु पर्ने रु ......

| **क्र. स** | **कानुनी सल्लाहकार** | **भुक्तानी रकम** | **घटी कर रकम** |
|---|---|---|---|
| **१** | श्री सन्जिप कुमार मल्लिक | ५६७९५७।० | **७९५१४** |
| **२** | श्री कौशार आलम | ६३३५८१।० | **८८७०१** |
| **जम्मा** | | | **१६८२१५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६८,२१५ |

१५.४ **पदाधिकारी चाडपर्व खर्चः** मधेश प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसुची (ख) मा पदाधिकारीलाई वार्षिक चाडपर्व खर्च भुक्तानी दिने व्यवस्था छ। पदाधिकारी तथा सदस्यले पाउने सुविधामा पदाधिकारिको चाडपर्व खर्च वार्षिक रु. १५०००।० तोकिएकोमा सो भन्दा बढी भुक्तानी भएको छ।चाडपर्व खर्च बढी भुक्तानी भएको रु.१४२५००।० सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु......

| **क्र. स** | **पदाधिकारीको नाम** | **भुक्तानी रकम** | **बढी भुक्तानी** |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री डा मो राजिक आलम | २४९०० | ९५०० |
| २ | उप प्रमुख श्री जमिला असगरी | १९००० | ४००० |
| ३ | वडा अध्यक्ष श्री शेख अमिरुल्लाह | २४००० | ९००० |
| ४ | वडा अध्यक्ष श्री सोनालाल पंडीत | २४००० | ९००० |
| ५ | वडा अध्यक्ष श्री शेख हसिन अख्तर | २४००० | ९००० |
| ६ | वडा अध्यक्ष श्री शेख अनसारुल हक | २४००० | ९००० |
| ७ | वडा अध्यक्ष श्री कृष्णनन्दन राम | २४००० | ९००० |
| ८ | वडा अध्यक्ष श्री इनताज हुसैन | २४००० | ९००० |
| ९ | वडा अध्यक्ष श्री शेख सोयब | २४००० | ९००० |
| १० | वडा अध्यक्ष श्री शेख नसरुल हक | २४००० | ९००० |
| ११ | नि वडा अध्यक्ष श्री रहिमा खातुन | २४००० | ९००० |
| १२ | कार्यपालिका सदस्य श्री शिउ साह कानु | २१००० | ६००० |
| १३ | कार्यपालिका सदस्य श्री शिव बैठा धोवी | २१००० | ६००० |
| १४ | कार्यपालिका सदस्य श्री मनोज कुमार | २१००० | ६००० |
| १५ | कार्यपालिका सदस्य श्रीमती रामकली देवी | २१००० | ६००० |
| १६ | कार्यपालिका सदस्य श्रीमती सरस्वती देवी | २१००० | ६००० |
| १७ | कार्यपालिका सदस्य श्रीमती शान्ति देवी चमैन | २१००० | ६००० |
| १८ | कार्यपालिका सदस्य श्रीमती सुमारी देवी | २१००० | ६००० |
| १९ | कार्यपालिका सदस्य श्रीमती सदरुन नेसा | २१००० | ६००० |
| **जम्मा** | | **४२७९००** | **१४२५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४२,५०० |

१५.५ **पदाधिकारी दोहोरो सुविधाः** मधेश प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ को उपदफा ४(३) मा यातायात खर्च उपलब्ध गराएको पदाधिकारीलाई ईन्धन खर्च दिन नमिल्ने तथा दफा ३(१) मा दोहोरो सुविधा दिन नमिल्ने व्यवस्था छ।पालिकाका पदाधिकारीलाई मासिक यातायात सुविधा भुक्तानी दिएको अवस्थामा तथा सवारी साधन प्रयोग नगरेको अवस्थामा ईन्धन खर्च भुक्तानी दिन नमिल्ने व्यवस्था छ।पदाधिकारी तथा सदस्यले पाउने सुविधा विपरित निम्न पदाधिकारिलाई यातायात सुविधाको साथै सवारी साधन प्रयोग नगरेको अवस्थामा ईन्धन खर्च समेत भुक्तानी भई दोहोरो सुविधा भुक्तानी हुन गएको रु.१२१८०००।० सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.......

| क्र. स | पदाधिकारीको नाम | ईन्धन सुविधा खर्च | कैफियत |
|---|---|---|---|
| १ | उप प्रमुख श्री जमिला असगरी | १०५००० | सवारी साधन भाडाम लिई ईन्धन कार्यालयले खर्च गरेको अवस्थामा छुट्टै ईन्धन खर्च लिएको। |
| २ | वडा अध्यक्ष श्री शेख अमिरुल्लाह | ६३००० | मासिक यातायात सुविधा लिएकोमा प्रति महिना ३० लिटरको दरले ईन्धन समेत लिएको। |
| ३ | वडा अध्यक्ष श्री सोनालाल पंडीत | ६३००० | |
| ४ | वडा अध्यक्ष श्री शेख हसिन अख्तर | ६३००० | |
| ५ | वडा अध्यक्ष श्री शेख अनसारुल हक | ६३००० | |
| ६ | वडा अध्यक्ष श्री कृष्णनन्दन राम | ६३००० | |
| ७ | वडा अध्यक्ष श्री इनताज हुसैन | ६३००० | |
| ८ | वडा अध्यक्ष श्री शेख सोयब | ६३००० | |
| ९ | वडा अध्यक्ष श्री शेख .रुल हक | ६३००० | |
| १० | कार्यपालिका सदस्य श्री शिउ साह कानु | २१००० | मासिक यातायात सुविधा लिएकोमा प्रति महिना १० लिटरको दरले ईन्धन समेत लिएको। |
| ११ | कार्यपालिका सदस्य श्री शिव बैठा धोवी | २१००० | |
| १२ | कार्यपालिका सदस्य श्री मनोज कुमार | २१००० | |
| १३ | कार्यपालिका सदस्य श्रीमती रामकली देवी | २१००० | |
| १४ | कार्यपालिका सदस्य श्रीमती सरस्वती देवी | २१००० | |
| १५ | कार्यपालिका सदस्य श्रीमती शान्ति देवी चमैन | २१००० | |
| १६ | कार्यपालिका सदस्य श्रीमती सुमारी देवी | २१००० | |
| १७ | कार्यपालिका सदस्य श्रीमती सदरुन नेसा | २१००० | |
| १८ | वडा सदस्य श्री उमानाथ साह | १४७०० | मासिक यातायात सुविधा लिएकोमा प्रति महिना ७ लिटरको दरले ईन्धन समेत लिएको। |
| १९ | वडा सदस्य श्रीमती तेतरी देवी | १४७०० | |
| २० | वडा सदस्य श्री शेख समसौद | १४७०० | |

| | | | |
|---|---|---|---|
| २१ | वडा सदस्य श्री विनोद प्रसाद गुप्ता | १४७०० | |
| २२ | वडा सदस्य श्री सदाम हुसैन | १४७०० | |
| २३ | वडा सदस्य श्री मजरुल हजाम | १४७०० | |
| २४ | वडा सदस्य श्रीमती तेतरी धोविन | १४७०० | |
| २५ | वडा सदस्य श्री शेख कदिर | १४७०० | |
| २६ | वडा सदस्य श्रीमती जयकली | १४७०० | |
| २७ | वडा सदस्य श्री शेख बच्चु | १४७०० | |
| २८ | वडा सदस्य श्रीमती सलीमा | १४७०० | |
| २९ | वडा सदस्य श्रीमती मनतोरवा देवी साह | १४७०० | |
| ३० | वडा सदस्य श्री उपेन्द्र साह तेली | १४७०० | |
| ३१ | वडा सदस्य श्री मुकेश साह बनिया | १४७०० | |
| ३२ | वडा सदस्य श्री क्यामुदिन धुनिया | १४७०० | |
| ३३ | वडा सदस्य श्री अब्दुल उमैर | १४७०० | |
| ३४ | वडा सदस्य श्रीमती रहिमा खातुन | १४७०० | |
| ३५ | वडा सदस्य श्रीमती प्रमशिला देवि धोविन | १४७०० | |
| ३६ | वडा सदस्य श्रीमती नसिमा सेखिन | १४७०० | |
| ३७ | वडा सदस्य श्रीमती श्रीपति देवी | १४७०० | |
| ३८ | वडा सदस्य श्री वीरा महतो | १४७०० | |
| ३९ | वडा सदस्य श्री सेख जमसैद | १४७०० | |
| ४० | वडा सदस्य श्रीमती अजबुन सेखिन | १४७०० | |
| ४१ | वडा सदस्य श्रीमती लीलावती कुमारी देवी | १४७०० | |
| ४२ | वडा सदस्य श्री शेख मोवारक | १४७०० | |

| | | | |
|---|---|---|---|
| ४३ | वडा सदस्य श्री शेख मैमुदिन | १४७०० | |
| ४४ | वडा सदस्य श्रीमती मरियम खातुन | १४७०० | |
| ४५ | वडा सदस्य श्रीमती सुमित्रा देवी धोविन | १४७०० | |
| ४६ | वडा सदस्य श्री राजकिशोर सहनी | १४७०० | |
| ४७ | वडा सदस्य श्री जहरुल औस्ता | १४७०० | |
| **जम्मा** | | **१२१८०००** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,१८,००० |

## १६ आन्तरिक आय तर्फ

१६.१ **आन्तरिक आय** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४३०३६८९५७।११ | ४५३३७१७।७६ | १.०५३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०५३ प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

१६.२ **कर तथा शुल्क असुली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी % |
|---|---|---|---|---|
| १ | भुमिकर तथा मालपोत | १५००००० | २३००६२.५६ | |
| २ | घर/जग्गा बहालकर | ३५०००० | ९२०४ | |
| ३ | बहाल बिरौटी कर | ५१००००० | ३०००००० | |
| ४ | ब्यवसाय कर | २००००० | ४००० | |
| ६ | सरकारी सम्पत्ती वाट बिक्री आय | ८००००० | ५६९ | |
| ७ | अन्य बिक्रीवाट प्राप्त आय | १२००००० | १०८०९.७६ | |
| ९ | निकाशा फिर्ता | ० | ११०००० | |
| १० | नक्सापास तथा अभिलेखिकरण दस्तुर | 0 | ११५०५ | |
| ११ | सिफारीस दस्तुर | 0 | ४२०० | |
| १२ | व्यक्तिगत घटनादर्ता | 0 | ७३४३० | |
| १३ | अन्य दस्तुर | 0 | ९७२०७ | |
| १५ | अन्य राजश्व | 0 | ९८२७३१ | |
| | जम्मा रकम | १००३०१८४ | ४५३३७१७.७६ | ४५.२० |

माथी उल्लेखित अनुमानित आयको तुलनामा ४५.२० प्रतिशत मात्र आय प्राप्त भएकोमा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली र अनुमानको यथार्थ अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु र ऐन अनुसारका अन्य क्षेत्रको पहिचान गरी आन्तरीक आयमा वृद्धि गर्न पहल गर्नुपर्दछ।

१६.३ **घर जग्गा बहाल करः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु.९२०४।उठाएको देखिन्छ। पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

१६.४ **ब्यबसाय कर** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ४०००।सङ्कलन गरेकोमा ब्यवसाय कर संकलन भएको देखिएन ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन्। उद्योग ब्यबसायको लगत राखी दर्ता हुन बाँकी रहेका ब्यवसायलाई दर्ता गर्न प्रोत्साहन गरी ब्यवसाय कर संकलनमा वृद्धि गरी आन्तरिक आय वृद्धी गर्नुपर्दछ।

१६.५ **उद्योग ब्यवसायीहरुको लगत** –पालिका भित्र के कती संख्यामा उद्योग ब्यबसायहरु संचालनम आएका छन् पालिकाले रेकर्ड राखेको पाइएन। पालिकाभित्र संचालनमा आएका उद्योग धन्दाबाट पालिकाका कर्मचारीहरु र जनताको हितकोलागि सामाजिक दायित्व अन्तर्गत पर्ने लगानी वा विकास निर्माणको रकम छुट्याएको नपाइएकाले पालिकामा संचालित उद्योगब्यबसायलाई पालिकाले अनुगमन, नियमन, साथै रेकड राखी नियमानुसार राजश्व संकलन गर्नुपर्ने देखिन्छ।

१६.६ **मनोरन्जन कर** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ।आर्थिक वर्ष २०८०।८१ मा पालिकाले मनोरञ्जन कर राजस्व असुली शुन्य देखियो। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

१६.७ **राजस्वको अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।कार्यालयले यसवर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फ.नं.१०८ले राजश्व आम्दानीको बैंकनगदी किताब र म.ले.प.फा.नं.१०८(क) राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता राखेको देखिएन। ऐनको व्यवस्था अनुसार म.ले.प.फ.नं.१०८ र म.ले.प.फा.नं.१०८(क) फारम राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।यस वर्ष नगदी रसिदबाट असुल गरेको सिफारिस दरस्तुर र मालपोत वापतको रु ४५३३७१७।७६ आम्दानी गरेकोमा सोको विधुतिय रसिद नम्बर अनुसार दैनिक आवर्जे नराखेबाट असुली गरी आम्दानी गरेको रकम एकिन हुन सकेन ।

१६.८ **सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ ।पालिकाले सवारी कर बापत यस वर्ष उठाएको देखिएन ।सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

१६.९ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(२)मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने र मूल्य अभिवृद्धि कर २०५२ को दफा ५ र दफा २ छ अनुसार ठेक्कापट्टा र दहत्तर बहत्तर आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर असुल नगरेकोले दहत्तर बहत्तरको ठेक्का वा अन्य प्रकृयाबाट गरिएका ठेक्कापट्टामा संकलन गरेको रकमको १३ प्रतिशतले हुने निम्नानुसारको मुल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.न | आय ठेक्का विवरण | फर्म /ठेकेदारको नाम | सम्झौता मिति र अवधी | ठेक्का रकम बार्षिक ८०।८१ | मुल्य अभिवृद्धि कर |
|---|---|---|---|---|---|
| १ | पशु चौपाय हाटबजार | मो फिरदोस आलम | २०७९।०४।११ बर्ष ३ | ५१००००० | ६६३००० |
| २ | बकैया नदिमा माछा मार्ने | शेख मोजरे आलम | २०८०।६।१७ बर्ष ५ | १०१५०० | १३१९५ |
| ३ | भकुवा नदि माछा मार्ने | शेख नेवाजी | २०८०।६।२३ बर्ष ५ | १०१००० | १३१३० |
| जम्मा रु | | | | | ६८९३२५ |

| असुल गर्नुपर्ने | ६,८९,३२५ |
|---|---|

१६.१० **असुली गर्न बाँकी आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत आन्तरिक आय वृद्धिकालागी आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापत विभिन्न कर तथा शुल्क बहाल विरौटी शुल्क आदी लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा उल्लेखित प्रक्रिया र कार्यविधि अनुसार समयमानै प्राप्त हुन नसकेमा सम्झौतामा तोकिएको अवधि र अवधि नतोकेको अवस्थामा प्रचलित कानुन अनुसार १० प्रतिशतले हुने जरिवान गणना गरी सो समेत दाखिला गर्न लगाउने सक्ने व्यवस्था छ । यस पालिकाले विगत र यो वर्ष सम्झौता गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसारका व्यवसायीबाट असुल गर्न बाँकी रहेको देखियो उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको

छैन । तर उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता र कानुन अनुसारको जरिवान समेत गणना गरी असुल गर्नुपर्ने रु

| सि नं | ठेक्का विवरण | ब्यबसायीको नाम | ठेक्का लागेको मिति र अवधि | कवोल अंक | दखिला रकम | बाँकी रकम आ ब ८०।८१ सम्म | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| १ | पशु चौपाय हाटबजार | मो फिरदोस आलम | २०७९।०४।११ बर्ष ३ | १५३००००० | ८१०००००० | २१००००० | २१०००० |

| असुल गर्नुपर्ने | २३,१०,००० |
|---|---|

१६.११ **यन्त्र उपकरण सञ्चालन-** पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय ० रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन ।उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन गरेकोमा सो सम्बन्धी कुनै कार्यविधि तयार गरेको पाइएन । मेशिनहरु पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा समेत सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था समेत रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

१६.१२ **ईट्टा भट्टा :** मिति २०७९।३।६ को राजश्व परामर्श समितीलेको निर्णय न २ अनुसार राजपुर नगरपालिका क्षेत्रका ईट्टा भट्टाहरुमा लागि वार्षिक रु २० हजार सम्म व्यवसाय कर लगाउने व्यवस्थाका लागी समन्वयन गर्ने गरी निर्णय भएको छ। तर पालिका अन्तर्गत ९ वटा ईट्टाभट्टा मध्ये ८ संचालनमा रहेको भनि विवरण प्राप्त भएपनि ईट्टा भट्टावाट रकम असुल नगरेकोले प्रति ईट्टा भट्टा २० हजार दरले रु १ लाख ६० हजार असुल गर्नुपर्ने रु.

| सि नं | ईट्टा उधोगको नाम | संचालकको नाम | ठेगाना | रकम |
|---|---|---|---|---|
| १ | आलम ईट्टा उधोग | शेख खुर्सिद आलम | राजपुर ४ | २०००० |
| २ | गोल्ड ईट्टा उधोग | भोला साह | राजपुर ४ | २०००० |
| ३ | स्टार ईट्टा उधोग | मो.मिन्तुल्लाहा | राजपुर ४ | २०००० |
| ४ | हिमाल ईट्टा उधोग | शेख नसिम | राजपुर ४ | २०००० |
| ५ | आदर्श ट्टा उधोग | अजय प्रसाद | राजपुर ५ | २०००० |
| ६ | चौधरी ईट्टा उधोग | विनोद प्रसाद | राजपुर ७ | २०००० |
| ७ | मुना ईट्टा उधोग | राजेश प्रसाद | राजपुर ७ | २०००० |
| ८ | स्काई काईट्टा उधोग | हरिकिसुन साह | राजपुर ५ | २०००० |
| ९ | बेष्ट ईट्टा उधोग | शेख अमिरुल्लाहा | राजपुर १ | चालु नरहेको |

| असुल गर्नुपर्ने | १,६०,००० |
|---|---|

१७ **स्वास्थ्य तर्फ**

१७.१

**तलवी प्रतिवेदन** : निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु. २४३९३२३८।० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता खर्च लेख्नुपर्दछ ।

१७.२ **तालिम तथा अन्य कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठी तथा कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संञ्चालन पेश्की लिई संञ्चालन गरेको स्वास्थ्य तथा अन्य कार्यक्रममा नियमावलीले निर्देश गरे अनुसारको प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराई कार्यक्रम तथा तालिम गर्ने गरेको छ । पालिकाले नियमावली अनुसार तालिम तथा कार्यक्रम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१७.३ **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक ब्यक्तिको सो आय बर्षको रोजगारी बाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सवै प्रकारका भुक्तानी समावेश गरिने र कुल निर्धारण योग्य आय बाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकी करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नु पर्ने व्यवस्था छ।कार्यालयले कर योग्य आय भएका कर्मचारीको बार्षिक आय गणना गरी पारिश्रमिक कर कट्टी गरेको देखिएन।अत: ऐन अनुसार पारिश्रमिक कर कट्टी गर्न छुट भएका निम्नानुसारका कर्मचारीहरु बाट असुल गरि दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | नाम थर | पद | कट्टी पछिको वार्षिक आय | कर योग्य आय | कट्टि गर्नुपर्ने कर |
|---|---|---|---|---|---|
| १ | श्री रुबिना खातुन | मे.अ. | ७२१३३१ | १२१३३१ | १०९२० |
| २ | श्री खुर्सेद आलम | सि.अ.हे.व. छैठौँ | ७४४०९७ | १४४०९७ | १२९६९ |
| ३ | श्री खुर्सिद अहम्मद | सि.अ.हे.व. छैठौँ | ७६५४८१ | १६५४८१ | १४८९४ |
| ४ | श्री रामेश्वर मिश्र | ल्या.अ. छैठौँ | ७९५७६१ | १९५७६१ | १७६१९ |
| ५ | श्री रिना कुमारी पासवान | स्टा.न. छैठौँ | ६३९०५४ | ३९०५४ | ३५१५ |
| ६ | श्री रम्भु प्रसाद गुप्ता | सि.अ.हे.व. छैठौँ | ७६५४८१ | १६५४८१ | १४८९४ |
| ७ | श्री अनिता देवी चौधरी | सि.अ.न.मि छैठौँ | ७०३८७४ | १०३८७४ | ९३४९ |
| ८ | श्री प्रमोद तिवारी | अ.हे.व. पाँचौ | ६४२४३८ | ४२४३८ | ३८२० |
| ९ | श्री किशोरीलाल ठाकुर | सि.अ.हे.व. छैठौँ | ७४४०९७ | १४४०९७ | १२९६९ |
| १० | श्री चन्देश्वर प्रसाद साह | सि.अ.हे.व. छैठौँ | ७४४०९७ | १४४०९७ | १२९६९ |
| ११ | श्री बन्धु साह | सि.अ.हे.व. छैठौँ | ७४४०९७ | १४४०९७ | १२९६९ |
| १२ | मो कहफुल वारा | जस्वाअ सातौँ | ६७८६१३ | ७८६१३ | ७०७६ |
| **जम्मा** | | | | | **१३३९६३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३३,९६३ |

१७.४ **औषधी उपचार खर्च :** मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को परिच्छेद ३ बुँदा ६ अनुसार लाभग्राहीको सूची प्रत्येक आ.व.को शुरुमा सम्बन्धित वडा कार्यालयले नविकरण गर्नुपर्ने र बुँदा ७ अनुसार प्रत्येक वडा कार्यालयले औषधी उपचार वापत खर्च पाउने लाभग्राहीको अभिलेख अनुसूची ४ बमोजिम लक्षित समूह अनुसार अध्यावधिक गरी राख्नु पर्नेछ।पालिकाले उपचार खर्च वापत रु ७७०००००।०० खर्च लेखेकोमा अनुसूची ४ अनुसार अद्यावधिक गर्नुपर्दछ । आगामि दिनमा निकासा गर्दा निकासाको पुष्टाई अभिलेखांकनमा सुधार गर्नुपर्ने देखिन्छ।

१७.५ **औषधी खरिद :** ३२।२०८०।०९।०६ पालिकाकालाई आवश्यक पर्ने औषधी मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले संघीय शसर्त बजेट उप-शिर्षकमा रु. १९६५०००।०० को औषधी शिलबन्दी दरभाउपत्र आह्वान मार्फत खरिद गरी नव भवानी मेडिसेल्स प्रा.लि.लाई भुक्तानी दिएको छ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीहरुमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छ छैन र औषधीको प्रयोग र मौज्दात समेत एकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

१७.६ **न्यानो झोला कार्यक्रम :** ३०।२०८०।०९।०६ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिलबन्दी दरभाउपत्र आह्वान गरी केवलेश्वर मेडिसेल्सबाट १३६१ थान न्यानो झोला खरिद गरि रु. १२१०३५०।०० भुक्तानी दिएको छ । पालिकाको स्वास्थ्य शाखाले दिएको विवरण अनुसार प्राथमिक स्वास्थ्य केन्द्र राजपुरमा १०७८ र स्वास्थ्य केन्द्र बैरियामा १७० गरि यस वर्ष १२४८ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । उक्त विवरण अनुसार ११३ थान न्यानो झोला पालिकामा मौज्दातमा रहेको देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गर्नुपर्दछ । गत बर्षको मौज्दात अल्या, खरिद र बाँकी विवरण एकिन भएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

१७.७ **समायोजन ग्रेड-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भई गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केलमात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकमभन्दा कम भएमा प्रचलित कानुनबमोजिम उपलब्ध गराउने उल्लेख छ । यस पालिकाका निम्नानुसार स्वास्थ्य तर्फका १० जना कर्मचारीलाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड (सञ्चयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड निम्नानुसारका कर्मचारीबाट असुल गरी संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम पद | समायोजन मिति | स्तरवृद्धि भएको मिति | समायोजन ग्रेड रकम | बढी भुक्तानी रकम (संचयकोष समेत) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रिना कुमारी पासवान स्टा.न. छैठौँ | २०७६।०४।१२ | २०७७।०३।३० | २९१२ | ४१३५१ | १३ महिना |
| २ | सन्तोष कुमार साह अ.हे.ब. पाँचौ | २०७६।०४।२३ | २०७९।११।१९ | २३१६ | ३२८८८ | १३ महिना |
| ३ | राजेश कुमार साह अ.हे.ब. पाँचौ | २०७६।०४।२३ | २०७९।११।१९ | २३१६ | ३२८८८ | १३ महिना |
| ४ | वसिम अख्तर खा अ.हे.ब. पाँचौ | २०७७।१२।०९ | २०७९।११।१९ | २३१६ | ३२८८८ | १३ महिना |
| ५ | अनिता देवी चौधरी सि.अ.न.मि. छैठौँ | २०७६।०४।१७ | २०७८।०१।०९ | २९१२ | ४१३५१ | १३ महिना |
| ६ | जितेन्द्र प्रसाद साह हे.अ. छैठौँ | २०७६।०७।२४ | २०७८।११।१५ | २९१२ | ४१३५१ | १३ महिना |
| ७ | मोहम्मद तारिक अनवर अ.हे.व. पाँचौ | २०७६।०४।२३ | २०७९।०४।१६ | २३१६ | ३२८८८ | १३ महिना |
| ८ | शैलेन्द्र प्रसाद यादव अ.हे.व. पाँचौ | २०७६।०४।२३ | २०७९।१२।१९ | २३१६ | ३२८८८ | १३ महिना |
| ९ | मोहमद अफजल हुसैन सि.अ.हे.व. छैठौँ | २०७६।०४।२३ | २०८०।०१।१९ | २९१२ | ४१३५१ | १३ महिना |
| १० | गुफराना बेगम अ.न.मि. पाँचौ | २०७६।०४।१७ | २०७९।०९।१३ | २३१६ | ३२८८८ | १३ महिना |
| | **जम्मा** | | | | **३६२७३२** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६२,७३२ |

१८ **शिक्षा तर्फ**

१८.१ **शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।पालिकाबाट प्राप्त विवरण अनुसार कुल विद्यालय संख्या १३ वटा, शिक्षक दरबन्दी २१३ रहेकोमा शिक्षक पदपूर्ति २१३ र विद्यार्थी संख्या १३७४१ रहेको उल्लेख गरेको छ ।उक्त विवरण अनुसार विद्यार्थी शिक्षक अनुपात ६५:१ देखिन्छ ।शिक्षा नियमावली, २०५९ अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१, र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । केही विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखिन्छ । विद्यार्थी संख्या पहुँच लगायतका व्यहोरालाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभी सरकारी खर्चलाई प्रभावकारी मितव्ययी तथा प्रभावकारी बनाउनुपर्दछ ।

१८.२ **विद्यालयगत निकासा खाता :** विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को खण्ड १ अनुसार सशर्त अनुदान विद्यालयलाई निकासा दिदाँ अद्यावधिक शैक्षिक

तथ्यांक २०८० लाई आधार लिने, यसको अतिरिक्त सत्यापन गरिएको तथ्याङ्क अनुसार दिन सकिने व्यवस्था छ।प्रत्येक विद्यालयले बजेट निकासा माग गर्दा अघिल्लो आ.व. त्रैमासिकमा निकासा भएको बजेटको प्रगति विवरण,अनुदान मागको विवरण, वि.व्य.स.को निर्णय र शैक्षिक तथ्याङ्कसहित स्थानीय तहमा अनिवार्य रुपमा पेश गर्नुपर्ने, स्थानीय तहले विद्यालयबाट पेश हुने प्रगति विवरणलाई आधार बनाइ विद्यालयमा बजेट निकासा दिने र निकासा दिँदा अनुदान शीर्षक,गर्नुपर्ने काम र बजेट उल्लेख भएको अनुदान निकासा पत्र विद्यालयलाई उपलब्ध गराई सोको समष्टिगत विवरण स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्थासमेत मिलाउने प्रावधान छ।सो अनुसार पालिकाले IEMIS मा शिक्षक कर्मचारीहरुको विवरण अद्यावधिक र विद्यालयगत निकासा खाता तयार,सार्वजनिकिकरण साथै प्रगति विवरणसगँ भिडान गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन।अत: विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।पालिकाले अनुदान निकासा सम्बन्धमा कार्यक्रम कार्यान्वयन पुस्तिकाको उल्लेखित प्रावधान र IEMIS सम्बन्धी केन्द्रको सूचना तथा परिपत्र कार्यान्वयन तर्फ ध्यान दिनुपर्दछ।

१८.३ **निःशुल्क पाठ्यपुस्तक :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। क्रियाकलाप नं.२.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याँकलाई विद्यार्थीहरुको यथार्थ तथ्याँकसँग सत्यापान गराइ सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी अनुदान दिनुपर्ने व्यवस्था छ। तर पालिका अन्तर्गतका १५ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम गौ.भौ.नं ८१।२०८०।१२।१५ बाट रु. ५२७३३६२।०० चैत्र महिनामा निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरी र सत्यापन नगरी बाँकी रकम गौ.भौ.नं १०६।२०८१।०२।०१ बाट रु. २१९७२०६।००० र गो.भौ.नं. १३५।२०८१।०३।१८ बाट २ विद्यालय श्री सरस्वती सदन आ.वि. र किसान मा.वि. बलुवालाई कम्प्यूटर विषय बापत भनि क्रमश: रु. ३००००।० र रु.१००००।० को दरले जम्मा रु. ४००००।०० निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १० कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु. ७५१०५६८।०० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।

१८.४ **दिवा खाजा कार्यक्रम :** पालिकाले यस बर्ष सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.११.१ अनुसार प्रति विद्यार्थी १५ का दरले १६ वटा विद्यालयको खातामा रु. २५२८०६१५ निकासा खर्च लेखेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को अनुसुचि ७ बमोजिम विद्यालयले चौमासिक विवरणका आधारमा तथ्याङ्क भरेर माग गर्नुपर्ने व्यवस्था छ।दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहमा एक उपसमिति गठन गर्नुपर्ने, अभिभावक आमा समूह गठन गर्नुपर्ने, स्थानीय तहले उपस्थित विद्यार्थी संख्याअनुसार खाजा आपूर्ती भए नभएको अनुगमन तथा मूल्याकंन गर्नुपर्ने र दोस्रो त्रैमासिक देखि निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेर मात्र निकासा गर्नु पर्दछ।पालिकाले देहाय अनुसार निकासमा दिवा खाजा संचालन भएका विद्यालयहरुको प्रधानाध्यापकको बैठकबाट एकरुपता कायम गर्न कार्ययोजना बनाउनुपर्नेमा प्र.अ.को बैठक माइन्यूट पेश नभएको, समिति समूह गठन र भूमिका नदेखिएको, EMIS मा प्रविष्ट तथ्याङ्कलाई सत्यापन नगरीएको, हाजिरी प्रतिलिपि र विद्यालयको माग पत्रलाई लेखापरीक्षणको क्रममा पेश नगरिएको, विद्यालय व्यवस्थापन समितिबाट प्रमाणित भएको विवरण उपलब्ध नभएको, परिक्षाको उपस्थिति गणना तथा अनुगमन विवरण र हाजिरी प्रतिलिपि उपलब्धी नभएको हुदाँ उपस्थित विद्यार्थी संख्या यकिन गर्न सकिएन।स्थानीय तहबाट निरीक्षण अनुगमन नभएको,

विलभरपाइ पेश नभएको र खर्च विव्यसबाट अनुमोदन नभएकोले दिवा खाजा बापत निकासा भएको रकम बढि निकासा भएको छैन भन्न सक्ने अवस्था छैन।अत: प्रत्येक विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गर्नुपर्दछ।यस सम्बन्धमा थप विश्लेषण गरी निकासा भएको रकम र विद्यालयहरुले पेश गरेको दिवा खाजाको वील भरपाई भिडान गरेको शिक्षा शाखाबाट प्रमाणित प्रतिवेदन सहित पालिकाबाट दिवा खाजा खर्च निकासा सम्बन्धमा स्थानीय तहमा रहने उपसमितिबाट अनुगमन मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्दछ।

| गौश्वार भौचर नं. | मिति | रकम |
|---|---|---|
| ३ | २०८०।०६।२२ | ४५७५००० |
| २४ | २०८०।०८।१४ | ३३३९९०५ |
| ४१ | २०८०।१०।२३ | ५५२५००० |
| ७८ | २०८०।१२।१५ | ३६९८३९५ |
| ८५ | २०८०।१२।१९ | ३४३००० |
| ९५ | २०८१।०१।१८ | ४७४०००० |
| १५० | २०८१।०३।२२ | ३०५९३१५ |
| | **जम्मा** | **२५२८०६१५** |

१८.५ **बढी दिवा खाजा निकासा :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.११.१ मा विद्यालयहरुलाई दिवा खाजाबापत १८० दिनसम्म निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाको शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार १६ वटा विद्यालयलाई दिवा खाजा बापतको अनुदान रु. २५२८०६१५।०० निकासा गरेकोमा १५ विद्यालयलाई १८० दिनको निकासा हुनुपर्नेमा १८० दिन भन्दा बढी निकासा गरेको पाईयो । उक्त बढी रकम सम्बन्धित विद्यालयबाट फिर्ता।असुल गरी संघीय संचित कोष खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्रसं | विद्यालयको नाम | १८० दिनको निकासा हुनुपर्ने रकम रु | निकासा भएको रकम रु | १८० दिनभन्दा बढी निकासा रु |
|---|---|---|---|---|
| १ | श्री जनता नमूना मावि राजपुर | १२७८५८५ | १३७९९३० | १०१४४५ |
| २ | श्री किसान मावि बलुवा | २३४५२५० | २५५४२४५ | २०८९९५ |
| ३ | श्री मौलवी आवि पिपरा | १९८०६७५ | २१७४३१० | १९३६३५ |
| ४ | श्री सरस्वती सदन आवि अकोलवा | १२३६०७५ | १३५९१२० | १२३०४५ |
| ५ | श्री मावि बैरिया | 2501475 | 2786385 | 284910 |
| ६ | श्री आवि फतुवा महेशपुर | 2002665 | 2188455 | 185790 |
| ७ | श्री जनता प्रावि फतुहा महेशपुर | 1730100 | 1914240 | 184140 |
| ८ | श्री शेख ईद्रिस प्रावि पोखरिया | 1890105 | 2061690 | 171585 |
| ९ | श्री आवि कुडिया बजार | 2031765 | 2217555 | 185790 |
| १० | श्री महिला उत्थान प्रावि | 830670 | 922245 | 91575 |
| ११ | श्री बाल अपाङ्गता प्रावि | 1622400 | 1764780 | 142380 |
| १२ | श्री आवि नुनथर बहुअर्वा | 1332540 | 1472565 | 140025 |
| १३ | श्री महालक्ष्मी आवि बैरिया | 778740 | 885495 | 106755 |
| १४ | श्री जुबेलिया गल्स मदरसा | 1026180 | 1116540 | 90360 |
| १५ | श्री मदरसा खदिजुल मदरसा | 283890 | 319050 | 35160 |
| | **जम्मा** | **22871115** | **25116605** | **2245590** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,४५,५९० |

१८.६ **नगर शिक्षक तलब :** १४।२०८०।०६।२५ र ५८।२०८०।११।१४ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ को क्रियाकलाप न. २.२ को शिक्षकको तलब भत्ता तथा सेवा सुविधा विवरणमा सबै तहका स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी।करार शिक्षकलाई तलब भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ । उक्त व्यवस्था भएकोमा पालिकाले स्थानीय तहबाट प्राथमिक तहमा रु. १६०००।० को दरले र आधारभूत तहमा रु. २००००।० को दरले तलब पाउने गरी नियुक्त भएका नगर शिक्षकहरुको पारिश्रमिक स्थानीय तहबाट भुक्तानी गर्नुपर्नेमा देहायबमोजिमका विद्यालयहरुलाई देहायबमोजिमको रकम संघीय सशर्त अनुदान शीर्षकबाट भुक्तानी गरेकोले उक्त रकम संघीय सञ्चितकोषमा शोधभर्ना गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | विद्यालय | श्रावण भदौ र असोजको तलब | कार्तिक मंसिर र पुषको तलब | जम्मा |
|---|---|---|---|---|
| १ | श्री जनता नमूना मा.वि. राजपुर | १४४००० | ९६००० | २४०००० |
| २ | श्री किसान मा.वि. बलुवा | १०८००० | १०८००० | २१६००० |
| ३ | श्री मौलवी आ.वि. पिपरा | ९६००० | ९६००० | १९२००० |
| ४ | श्री सरस्वती सदन आ.वि. अकोलवा | ९६००० | ९६००० | १९२००० |
| ५ | श्री मा.वि. बैरिया | ९६००० | १३६००० | २३२००० |
| ६ | श्री आ.वि. फतुवा महेशपुर | ४८००० | ४८००० | ९६००० |
| ७ | श्री जनता प्रा.वि. फतुहा महेशपुर | ४८००० | ४८००० | ९६००० |
| ८ | श्री शेख ईद्रिस प्रा.वि. पोखरिया | १५६००० | १५६००० | ३१२००० |
| ९ | श्री आ.वि. कुडिया बजार | ९६००० | ९६००० | १९२००० |
| १० | श्री महिला उत्थान प्रा.वि. | ९६००० | ९६००० | १९२००० |
| ११ | श्री बाल अपाङ्गता प्रा.वि. | ४८००० | ४८००० | ९६००० |
| | **जम्मा** | **१०३२०००** | **१०२४०००** | **२०५६०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,५६,००० |

१८.७ **बालशिक्षक तथा कर्मचारी व्यवस्थापन अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप न.२.८.१ को उपक्रियाकलाप १.१ मा प्रारम्भिक बालविकास शिक्षकको पारिश्रमिक प्रतिमहिना रु १००००।० का दरले र उपक्रियाकलाप १.२ मा प्रत्येक सामुदायिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु ८०००।० का दरले र प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा १ जना विद्यालय सहायक कर्मचारीका लागि मासिक १३५००।०० का दरले १२ महिना र चाडपर्व खर्चका लागि हुन आउने रकम उपलब्ध गराउने र नपुग हुने रकम स्थानीय तहले थप गर्नुपर्ने व्यवस्था छ ।स्थानीय तहले उक्त कर्मचारीहरुको पारिश्रमिक रकममा नपुग हुने रकम थप गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले देहायबमोजिमको थप रकम समेत संघीय सशर्त अनुदानबाट भुक्तानी गरेकोले उक्त रकम संघीय सञ्चितकोषमा शोधभर्ना गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | गो.भौ.नं. मिति | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | २।२०८०।०६।२२ | ११२०००० | श्रावण भदौ र असोज महिनाको थप रकम प्रति कर्मचारी मासिक रु. ७००० को दरले |
| २ | १६।२०८०।०६।२५ | २८०००० | गत आ.व.को असार महिनाको थप रकम यस आ.व.मा प्रति कर्मचारी रु. ७००० को दरले भुक्तानी भएको |
| ३ | ५९।२०८०।११।१४ | १९८१००० | कार्तिक मंसिर र पुष महिनाको थप रकम प्रति कर्मचारी मासिक रु. ७००० को दरले |
| | **जम्मा** | **३३८१०००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,८१,००० |

१८.८ **सामुदायिक सिकाई केन्द्र :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।२०८१ को क्रियाकलाप नं २.७.१३.११ को ६.७ मा पालिकाले सामुदायिक सिकाई केन्द्रलाई अनुदान निकासा गर्दा मापदण्ड अनुसार वार्षिक साधारण सभा, विधान बमोजिम निर्वाचन भएको, गत आ.व.को खर्चको स्वीकृति गरेको तथा लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको हुनुपर्ने व्यवस्था छ । पालिकाले निम्न २ सिकाई केन्द्रलाई

अनुदान निकासा गर्दा कार्यान्वयन पुस्तिकाले तोके बमोजिमको प्रमाण पेश नगरी निकाशा गरेको छ । अतः विद्यालयले वार्षिक साधारण सभा, खर्चको स्वीकृति, शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेको तथा लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

| **सिकाई केन्द्र** | **रकम** |
|---|---|
| श्री अकोलवा सामुदायिक सिकाई केन्द्र | २५००००।० |
| श्री नवदुर्गा सामुदायिक सिकाई केन्द्र | २५००००।० |
| जम्मा | ५०००००।० |

१८.९ **विद्यालय भर्ना तथा निरन्तरता अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।२०८१ को क्रियाकलाप नं २.७.१३.११ को ६.८ मा Equity index का आधारमा छनोट भएका अनुसूची ३ मा उल्लेखित स्थानीय तहले सबै बालबालिकालाई विद्यालय शिक्षा सुनिश्चित गर्न बिद्यालयबाहिर रहेका बालबालिकाको विस्तृत सर्वेक्षण गर्ने, समता रणनीतिहरु तय गरी समता रणनीति कार्यान्वयन योजना (Equity strategy Implementation Plan-ESIP) निर्माण गरि स्वीकृत गर्ने, स्वीकृत समता रणनीति कार्यान्वयन योजना अनुरुप विद्यार्थी भर्ना सुनिश्चितता सिकाई निरन्तरता तथा सिकाई उपलब्धी अभिवृद्धिसम्बन्धी कार्यक्रम तय गरी कार्यान्वयन गर्ने तथा उक्त कार्यक्रमका लागि स्थानीय तहले समेत बजेट थप गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय सुनिश्चितता भएको घोषणा गर्ने उल्लेख छ ।पालिकाले विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई लक्षित गरी विद्यालय शिक्षामा भर्ना तथा निरन्तरताका लागि शैक्षिक कार्यक्रमबापत निम्नानुसार विद्यालयहरुलाई भुक्तानी गरेकोमा राजपुर नगरपालिका अनुसूची ३ मा उल्लेखित स्थानीय तहको सूचीमा परेको देखिँदैन र विद्यालयहरुले समता रणनीति कार्यान्वयन योजना तयार गरेको समेत देखिएन। राजपुर नगरपालिका अनुसूची ३ मा उल्लेखित स्थानीय तहको सूचीमा छनौट नभई निम्नानुसार विद्यालयलाई भुक्तानी दिएको नियमसंगत नभएको रु.

| क्र.सं. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १ | श्री माध्यमिक विद्यालय बैरिया | ३००००० |
| २ | श्री किसान मा.वि. बलुवा | २००००० |
| | जम्मा | ५००००० |

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

१८.१० **स्यानिटरी प्याड :** ३४।२०८०।०९।०६ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को बुँदा नं ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै बुँदा नं ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १७५१ जना रहेका छन। पालिकाले शिलबन्दी दरभाउपत्र आह्वान मार्फत् यति हिमालयन सजिमेड प्रा.लि. बाट १०८९१ थान स्यानिटरी प्याड रु. १२४२९९०।० (मु.अ.कर समेत) मा खरिद गरेपश्चात र फेरि गौ.भौ.न. ५६।२०८०।११। १४ मा एस.एण्ड.एस. सप्लायर्सबाट कोटेसनको माध्यमबाट ७२४० थान स्यानिटरी प्याड रु. ४४९९६६।० (मु.अ.कर समेत) मा खरिद गरेको छ । पालिकाले छात्राको संख्या र खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले छात्राहरुको संख्यासँग भिडान गरी आवश्यकता निर्धारिण गरेको छैन भने खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु विद्यालयमा भण्डारण क्षमता भए नभएको एकिन नगरी वितरण गरिएको छ भने भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ, पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्च पुष्टि हुने कागजात संलग्न गरी खर्च

लेख्नुपर्ने व्यवस्था छ । पालिकाले वितरण भएको प्याडको अभिलेख राखि बाँकी स्यानेटरी प्याड समयमै खर्च गरी सम्बन्धित विद्यालयहरुले विद्यार्थीहरुलाई वितरण गरेको यकिन गर्नुपर्दछ।

१८.११ **शैक्षिक कार्यक्रम :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले देहायबमोजिमका कार्यक्रम सञ्चालन गरेबापत शिक्षा प्राविधिक मो. खुर्सेद आलमलाई देहायबमोजिमको गोश्वारा भौचरबाट देहायबमोजिमको रकम भुक्तानी गरेकोमा उक्त कार्यक्रम गरेको पुष्टि गर्ने विल भरपाई पेश गरेको नदेखिएकोले उक्त कार्यक्रम गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| **क्र.सं.** | **गो.भौ.नं. मिति** | **विवरण** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|
| १ | १८।२०८०।०६।२६ | विद्यालय सुपरीवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोग तथा मनिटरिङ कार्यक्रम बापतको रकम भुक्तानी | २२५००० |
| २ | १९।२०८०।०६।२६ | कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण कार्यक्रममा ३ वटा विद्यालयमा थप कक्षा सञ्चालन गरेबापत भनि भुक्तानी दिईएको | ३३५००० |
| | **जम्मा** | | **५६००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६०,००० |

१८.१२ **छात्रवृत्ति :** १०९।२०८१।०२।२० र १५१।२०८१।०३।२३ शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिकाको २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ मा गैर आवासिय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागका आधारमा तेश्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने तथा विद्यालय शैक्षिक सत्र सुरु भएको २ महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नु पर्ने र पालिकाले छात्रावृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारीता अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष १५ विद्यालयलाइ रु. २६६२८००।० भुक्तानी दिएकोमा विद्यालयले लेखापरीक्षणको अवधिसम्म वितरण गरेको भरपाइ र पालिकाले सोको अनुगमन प्रतिवेदन पेश गरेको छैन । अत : पालिकाले निम्न विद्यालयले समयमै छात्रवृत्ति वितरण गरी वितरणको भरपाई तथा पालिकाले अनुगमन गरेको प्रभावकारिताको प्रतिवेदन पेश गर्नुपर्दछ ।

| क्र.स. | विद्यालय | कुल जम्मा |
|---|---|---|
| १ | श्री जनता नमूना मा.वि. राजपुर | ३१६४०० |
| २ | श्री किसान मा.वि. बलुवा | २८३६०० |
| ३ | श्री मौलवी आ.वि. पिपरा | २६८००० |
| ४ | श्री सरस्वती सदन आ.वि. अकोलवा | १६९६०० |
| ५ | श्री मा.वि. बैरिया | २८६४०० |
| ६ | श्री आ.वि. फतुवा महेशपुर | २९८४०० |
| ७ | श्री जनता प्रा.वि. फतुहा महेशपुर | १५३६०० |
| ८ | श्री शेख ईद्रिस प्रा.वि. पोखरिया | १३९२०० |
| ९ | श्री आ.वि. कुडिया बजार | १९७६०० |
| १० | श्री महिला उत्थान प्रा.वि. | ५६००० |
| ११ | श्री बाल अपाङ्गता प्रा.वि. | १३२८०० |
| १२ | श्री आ.वि. नुनथर बहुअर्वा | १००४०० |
| १३ | श्री महालक्ष्मी आ.वि. बैरिया | ७९२०० |
| १४ | श्री जुबेलिया गर्ल्स मदरसा | १६२४०० |
| १५ | श्री आफताब आलम आ.वि. | १९२०० |
| | जम्मा | २६६२८०० |

१८.१३ **नपाउने छात्रवृत्ति :** पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएअनुसार छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति अनुदान कक्षा १ देखि ८ सम्मका विद्यार्थीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा देहायबमोजिमका विद्यालयमा कक्षा ९ र १० का छात्रा र दलित छात्र विद्यार्थीहरुलाई समेत छात्रवृत्ति अनुदान भुक्तानी भएको देखिएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असुल गरि संघीय सञ्चितकोष खाता दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | कक्षा ९ र १० का छात्रा र दलित छात्र संख्या | निकासा रकम रु |
|---|---|---|---|
| १ | श्री जनता मावि राजपुर | १४६ जना | ५८४०० |
| २ | श्री किसान मावि बलुवा | १४० जना | ५६००० |
| ३ | श्री मावि बैरिया | ६९ जना | २७६०० |
| | **जम्मा** | | **१४२०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४२,००० |

१८.१४ **शिक्षकको अभिलेख तथा तलब भत्ता वितरण :** शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जस अन्तर्गत बुदां न (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्ति गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अधावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ मा स्थानीय तहहरुसँग समन्वय गरी तत् स्थानीय तहमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक, अस्थायी शिक्षक तथा स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेखसँग भिडाइ एकिन गर्ने (दफा १३) र स्थानीय तहले इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउनु पर्ने (दफा१२) व्यवस्था छ । पालिकाले शिक्षकको दरबन्दी अभिलेख (विभाग र इकाइको अद्यावधिक समेत), काजमा आएका, काजमा गएका, करार सम्झौता र कार्यसम्पादन सम्झौता भएका, सेवानिवृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण, म्याद थपको विवरण आदिको बारेमा नियमावली र कार्यविधिमा व्यवस्था भए बमोजिमको अद्यावधिक अभिलेख तयार गरेको देखिएन। यस पालिका अन्तर्गत रहेका १५ वटा विद्यालयका शिक्षक कर्मचारीलाई तलव भत्ता वापत रु. ३३८५०१०३ निकासा गरेकोमा पूर्ण रुपमा माग फारम र भरपाइ पूर्ण रुपमा भिडान नगरि शिक्षा शाखामा रहेको विवरणको आधारमा निकासा हुने गरेको, त्रैमासिक रुपमा निकासा हुनुपर्नेमा माग फारम र निकासाको महिना फरक फरक भएको पाइयो। कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरी सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

१८.१५ **व्यवस्थापकीय योजना कार्यान्वियन अनुदान :** १३९।०८१।०३।१८ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.७.१३.१३ को उपक्रियाकलाप ९.८ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदान शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयलाई पेश गर्न लगाउने र यस आ.व.मा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी रु ३० लाख देखि ६० लाख सम्म अनुदान उपलब्ध गराउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष जनता नमुना माध्यमिक विद्यालय राजपुरलाई ५० लाख विनियोजन गरेकोमा सोको सम्झौता अनुरुप पालिकाले कार्यक्रम संचालनको नियमित अनुगमन गरेको प्रमाण देखिदैन भने विद्यालयले समेत प्रस्तावना अनुसार उल्लेखित क्रियाकलाप तथा कार्यक्रम सम्पादन गरी सोको प्रगति पालिकामा पेश गरेको देखिदैन। अत: विद्यालयले आफ्नो प्रस्तावना र सोही प्रस्तावना बमोजिम कार्य भएको प्रगति प्रतिवेदन तथा काम सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

१८.१६ **विज्ञान प्रयोगशाला अनुदान -** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलापन नं २.७.१३.१३ मा विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालयहरुको पहिचान गरी प्रति विद्यालय ६ लाख ५० हजारको दरले विद्यालयलाई उपलब्ध गराउने, यसरी अनुदान दिदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता समेतलाई आधार मानी सुचि बनाउने, साथै यस शिर्षकबाट रकम प्राप्त गरेका विद्यालयले नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका २०७४ को अनुसुची ६ मा उल्लेखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिज्ञान प्रयोगशाला अनुदान वापत रु.६५००००।०० श्री मा.वि. बैरियालाई निकासा दिएकोमा विद्यालयले विज्ञान प्रयोगशाला तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र पालिकाले समेत अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गरेको छैन । अतः कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको मापदण्ड अनुसार विज्ञान प्रयोगशाला तयार गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६,५०,००० |
|---|---|

१८.१७ **उत्कृष्ट सिकाईमा आधारित अनुदान :** २।२०८०।०६।२२ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलापन नं २.७.१३.१३ को उपक्रियाकलाप ९.३ मा उत्कृष्ट सिकाइ उपलब्ध गराउने प्रयोजनका लागि विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरुमध्ये सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेको विधि प्रक्रिया र पद्धति बमोजिम कक्षा ८, कक्षा १० र कक्षा १२ को परीक्षामा नतिजा, शिक्षक उपस्थिति विद्यार्थी संख्या, सिकाई उपलब्धी, विद्यालय छोड्ने र दोहोर्याउने दरको आधारमा १०० पुर्णाङ्क रहने गरी मापदण्ड निर्धारण गर्ने । सो मापदण्ड अनुसार विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने, प्राप्त प्रस्तावको मूल्याङ्कन गरी उत्कृष्ट नतिजा हासिल गर्ने सफल २ विद्यालयहरुलाई क्रमश: रु. ३०००००।० र २०००००।० प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउनुपर्ने र विद्यालयले पनि स्वीकृत प्रस्ताव अनुसार क्रियाकलाप गर्नुपर्ने व्यवस्था छ । पालिकाले श्री किसान माध्यमिक विद्यालय बलुवालाई रु २०००००।० अनुदान दिएकोमा कार्यान्वयन पुस्तिका अनुसार प्रस्ताव पेश गरेको र पालिकाले छनौट गरेको तथा प्रस्तावका आधारमा खर्च गरेको प्रमाण लेखापरीक्षणको क्रममा देखिएन । अतः कार्यान्वयन पुस्तिका अनुसार प्रस्ताव पेश गरेको र प्रस्ताव अनुसार खर्च भएको प्रमाण पेश गर्नुपर्दछ ।

१८.१८ **शिक्षण सहयोग अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप न.२.७.१३.४० मा माध्यामिक तह कक्षा (९-१०) मा र क्रियाकलाप नं.२.७.१३.४१ मा आधारभूत तह (६-८) मा अँग्रेजी,गणित र विज्ञान विषय शिक्षण सहयोग अनुदान वापत शून्य दरबन्दी रहेको विद्यालयमा २ जना र १ जनामात्र दरबन्दी रहेको विद्यालयमा शिक्षण सहयोग अनुदानबाट १ गरी जम्मा २ जना शिक्षकलाई नियमानुसार शिक्षक भर्ना भएपछि अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । यस क्रियाकलापमा बजेट स्वीकृत गर्दा माध्यामिक तह कक्षा (९-१०) का लागि प्रति शिक्षक मासिक रु ४३६८९ का दरले र आधारभूत तह (६-८) का लागि प्रति शिक्षक मासिक रु ३४७३० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च अनुदान दिने उल्लेख छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाले नै शिक्षकको विषय समेत स्पष्ट गरेको देखिएकोमा किसान माध्यामिक विद्यालय वलुवाका शिक्षक राजेश कुमार साहलाई आधारभूत तहको नेपाली विषयमा नियुक्ती गरेको देखिन्छ । कार्यान्वयन पुस्तिकाले शून्य दरबन्दी भएको विद्यालयमा २ जनासम्म तोकिएको विषयका शिक्षक राख्न सक्ने व्यवस्था गरेकोमा ३ जना शिक्षक राखेको देखिन्छ । आगामी दिनमा तोकिएको संख्यामा सम्बन्धित विषयका शिक्षकलाई मात्र नियुक्त गरी तलब भत्ता दिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| विद्यालयको नाम | शिक्षकको नाम | विषय | मासिक अनुदान |
|---|---|---|---|
| श्री किसान मा.वि.बलुवा राजपुर न.पा. ३ रौतहट (माध्यमिक तह तर्फ) | श्री चन्दन कुमार मिश्र | गणित | ४३६८९ |
| | श्री मायाकेश्वर मिश्र | अंग्रेजी | ४३६८९ |
| | श्री रामशंकर प्र. साह | बिज्ञान | ४३६८९ |
| श्री मा.वि. बैरिया राजपुर न.पा. ९ रौतहट (माध्यमिक तह तर्फ) | श्री विजय कुमार कर्ण | अंग्रेजी | ४३६८९ |
| | श्री निरन्जन कुमार प्रसाद | गणित | ४३६८९ |
| श्री किसान मा.वि.बलुवा राजपुर न.पा. ३ रौतहट (आधारभूत तह तर्फ) | श्री राम प्रसाद साह | गणित | ३४७३० |
| | श्री जेड आलम | अंग्रेजी | ३४७३० |
| | श्री राजेश कुमार साह | नेपाली | ३४७३० |
| श्री मा.वि. बैरिया राजपुर न.पा. ९ रौतहट (आधारभूत तह तर्फ) | श्री अजय कुमार साह | गणित | ३४७३० |
| | श्री किरण कुमार जयसवाल | अंग्रेजी | ३४७३० |
| श्री मौलवी आ.वि. पिप्रा गौस (आधारभूत तह तर्फ) | श्री दिपेन्द्र कुमार साह | गणित | ३४७३० |

१८.१९ **शिक्षण सहयोग अनुदानमा नेपाली शिक्षक :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप न.२.७.१३.४० मा माध्यामिक तह कक्षा (९-१०) मा र क्रियाकलाप नं.२.७.१३.४१ मा आधारभूत तह (६-८) मा अँग्रेजी,गणित र विज्ञान विषय शिक्षण सहयोग अनुदान वापत शून्य दरबन्दी रहेको विद्यालयमा २ जना र १ जनामात्र दरबन्दी रहेको विद्यालयमा शिक्षण सहयोग अनुदानबाट १ गरी जम्मा २ जना शिक्षकलाई नियमानुसार शिक्षक भर्ना भएपछि अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । कार्यान्वयन पुस्तिका अनुसार गणित, अग्रेजी र विज्ञान विषयका शिक्षकलाई मात्र खर्च लेख्न पाउनेमा श्री किसान मा.वि.बलुवा राजपुर न.पा. ३ रौतहटमा आधारभूत तहको नेपाली शिक्षकलाई १२ महिनाको तलब र चाडपर्व खर्च भुक्तानी भएको रु. ४५१४९०।०० तोकिएको विषयभन्दा फरक विषयको रकम भुक्तानी भएको देखिँदा नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | ४,५१,४९० |
|---|---|

१९ **शीर्षक फरक पारी खर्च :** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को (दोश्रो परिमार्जन) अनुसार सरकारी खर्च गर्दा सम्बन्धित खर्च शिर्षकबाट खर्च तथा भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले देहायबमोजिमको शीर्षकबाट देहायबमोजिम खर्च लेखेको अनियमित देखिएको रु.

| **क्र. सं.** | **भौचर नं. र मिति** | **खर्च हुनुपर्ने शीर्षक** | **भएको खर्च** | **रकम रु.** |
|---|---|---|---|---|
| १ | ८३। २०८०। १२।१५ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | आधारभूत तह र माध्यमिक तहमा अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३९२०९५ |
| २ | ४६। २०८०। १०।२६ | स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम | मृगौला प्रत्यारोपण डायलोसिस क्यान्सर मेरुदण्ड पक्षघात रोगीहरुको औषधी उपचार बापतको रकम भुक्तानी | ३३०००० |
| ३ | ९४। २०८०। १२।२१ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापन | विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न अभिभावकहरुलाई उत्प्रेरणा तालिम | ९६०३४ |
| | | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता बिकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मनिटरिङ तथा विद्यालय सुपरीवेक्षण | | २५३००० |
| | | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | | १५०९६६ |
| ४ | ९९। २०८१। ०१।२३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता बिकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मनिटरिङ तथा विद्यालय सुपरीवेक्षण कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण | १८७००० |
| ५ | १५३। २०८१। ०३।२४ | आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | प्रारम्भिक बालबिकास सहजकर्ता कार्यालय सहयोगी र लेखा कर्मचारीको पारिश्रमिक | ११४५५०० |
| | | | सामुदायिक सिकाई केन्द्र संचालन अनुदान निकासा | ५००००० |
| | | | **जम्मा** | **३०५४५९५** |

| अनियमित भएको | ३०,५४,५९५ |
|---|---|

## २० कृषि तर्फ

२०.१ **कार्यक्रम अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनः** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि २०७८ को दफा १२ मा कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र विषय अनुदानग्राहीसँग भएको सम्झौताको विवरण अनुसार कार्य भए नभएको पालिकाले अनुगमन गर्नुपर्दछ । पालिकाले अनुदान कार्यक्रम संचालन गरेकोमा कार्यविधि तयार नगरी लाभग्राही छनौट, कामको मुल्याङ्कन लगायत कार्य नगरी खर्च गरेको छ । कार्यविधि तयार नगरी कृषक छनौट गर्दा वास्तविक लाभग्राही छनोट भई लाभान्वित भए नभएको एकिन हुन सकेन । पालिकाले कार्यविधि निर्माण गरी लाभग्राही छनौट, मूल्याङ्कन, खर्च सम्बन्धी सम्पुर्ण कार्यविधि अनुसार गरी खर्च प्रभावकारी मितव्ययी तथा पारदर्शी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२०.२ **धान मकै गहुँ वीउ खरिद :** १४६।२०८१।०३।२२ पालिकाले बिपन्न घर परिवारलाई लक्षित गर्दै कृषि रोजगार कार्यक्रम अन्तर्गत बीउ बीजन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रा.स. रुपेश ठाकुरलाई पेश्की दिएकोमा निजले आवश्यकताको पहिचान नगरी यादव एग्रोभेट कन्सर्नबाट प्रति किट रु १३०० को दरले ६१८ किटको हुन आउने रकम रु. ८०३४०० को बीउ बीजन कीट सोझै खरिद गरि लागत सहभागिता बेगर शत प्रतिशत अनुदानमा वितरण गरेको देखिन्छ । उक्त खरिद गरेको बीउ कृषकलाई वितरण गरेको भएतापनि वितरण गर्दा कुनै कार्यविधि तयार नगरी एकरुपता हुने गरी वितरण गरेको छ भन्ने आधार पेश भएन । अतः नियमावली विपरित सोझै खरिद तथा कार्यविधि तयार नगरी वितरण गरेको छ । कार्यालयले वितरणको कार्यविधि बनाई छनौटको आधार पेश गर्नुपर्दछ ।

२०.३ **साना सिँचाई प्रवर्द्धन कार्यक्रम :** १०१।२०८१।०१।२८ पालिकाले सिँचाई प्रवर्दन कार्यक्रम अन्तर्गत राधाकृष्ण ट्रेडर्स एण्ड सप्लायर्स बाट ३३ थान सिँचाई मोटर खरिद बापत रु ८०००००।०० ( मू.अ.कर समेत ) भुक्तानी दिएको छ । छनौटको आधार पेश नगरि ३३ जना व्यक्तिलाई शत प्रतिशत अनुदानमा वितरण गरेको देखिन्छ । प्राप्त अनुदानबाट व्यक्तिहरुले आय आर्जन गरी जिवनस्तरमा सुधार ल्याएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ । साथै अनुदानको सदुपयोग तथा खर्चको उपादेयताको मूल्यांकन गरी अनुदान रकमको प्रभावकारीता बढाउनु पर्ने देखिन्छ । यसैगरी पालिकाले सूचना प्रकाशन नगरी कृषक तथा लाभग्राही छनौट गरेको भएता पनि साना सिँचाई प्रवर्द्धन कार्यक्रम संघीय कार्यालय तथा प्रदेशका अन्य कार्यालयवाट समेत हुने हुदा कार्यक्रममा दोहोरो नपर्ने गरी लाभग्राही छनौट हुनुपर्दछ र सिँचाई मोटर लैजाने कृषकहरुले उक्त मोटर जडान तथा उपयोग गरेको प्रमाण समेत पेश हुनुपर्दछ ।

## २१ रोजगार तर्फ

२१.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष १३५ जनालाई औसत ५९.५ दिनले ८०३३ दिन रोजगारी उपलव्ध गराई रु. ५३६५७१०।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार खुलाउनुपर्दछ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२१.२ **प्रगति समिक्षा :** प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को बुंदा नं ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समिक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धी प्रगति समिक्षा गरेको पाइएन । पालिकाले आगामी आर्थिक वर्षमा चौमासिक तथा वार्षिक समिक्षा गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

२१.३ **सार्वजनिक सुनुवाईः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को बुंदा नं ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ८ योजना संचालन गरेकोमा एकपटक पनि सार्वजनिक सुनुवाई गरेको पाइएन । अत : सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

२२ **सामाजिक सुरक्षा तर्फः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।यस वर्ष पालिकाले सामाजिक सुरक्षा वापत पालिका अन्तर्गतका ९ वडाका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुलाई रु. १८८८३३३६१।९९ वितरण गर्न बैंकमा पठाएकोमा रु १८८२९६७५६।९८ वितरण गरि रु ५३६६०५।०१ फिर्ता भई दाखिला भएको छ।यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः

पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ४ वटै त्रैमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ।पालिकामा सबै वडामा ई. एफ. टी (EFT) सिस्टम लागु गरि लाभग्राहीले प्राप्त गर्ने भत्ता रकम त्रैमासिक रुपमा सिधै लाभग्राहिको खातामा जम्मा गर्न बैंकमा पठाएको देखिन्छ।

२३ **करकट्टी दाखिला बाँकी :** आयकर ऐन,२०५८ को दफा ८८ मा भुक्तानीमा अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ।पालिकाले पेश गरेको विवरण अनुसार देहायका कर्मचारीहरुले संघीय सरकारबाट हस्तान्तरित स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न पेश्की लिएकोमा पेश्की फर्छ्यौटमा विभिन्न भत्ता रकमहरु भुक्तानी गर्दा करकट्टी नगरीकनै भुक्तानी दिएको पाइएकोले उक्त करकट्टी रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.२१४१४७

| सि.न. | गो.भौ.नं /मिति | कार्यक्रमको नाम | पेश्की लिने | पद | करकट्टी रकम दाखिला हुन बाँकी |
|---|---|---|---|---|---|
| १ | १६४/२०८१।०३।२४ | स्वास्थ्य कार्यक्रम | मो. कहफुल बारा | ज.स्वा. अधिकृत | १०६२०२ |
| २ | १६५/२०८१।०३।२४ | स्वास्थ्य कार्यक्रम | खुर्शिद अहमद | सि.अ.हेब | १०७९४५ |
| **जम्मा** | | | | | **२१४१४७** |

| असुल गर्नुपर्ने | २,१४,१४७ |
|---|---|

२४ **सहकारी तर्फः**

२४.१ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र रहेका सहकारी संस्थाको विवरण प्राप्त नभएका कारण पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको सम्बन्धमा यकिन गर्न सकिएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणमा पेस भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२४.२ **समस्याग्रत सहकारीः** यस पालिकामा २७ वटा सहकारी संचालनमा रहेकोमा सहकारीको अवस्था अद्यावधिक गरि रेकर्ड नराखेको तथा अनुगमन समेत नगरेकोले पालिका भित्रका सहकारीको अवस्था के कस्तो अवस्थामा रहेको छ एकिन गर्न सकिएको छैन।पालिकाले सहकारीको अनुगमन गरि समस्याग्रस्त रहे नरहेको एकिन गरि रेकर्ड तयार गरि राख्नुपर्दछ।

२५ **नगरपालिका चालूतर्फः**

२५.१ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्थायी कर्मचारीलाई रु. ५०८९१८२।६० र स्वास्थ्य तर्फ जनाको रु. २९३९९९९।० तलब गरि जम्मा रु. ३४४८९१८२।० भुक्तानी गरेको छ।तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन।नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने व्यवस्थापन गर्नुपर्दछ।

२५.२ **खर्चमा मितव्ययिता** – आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ, पालिकाले विनियोजन गरेका विभिन्न खर्च शिर्षकको रकमहरु खर्च गर्दा मितव्ययी एवं उपलब्धीपूर्ण तरिकाले खर्च गर्नुपर्दछ। पालिकाबाट यस वर्ष मसलन्द, इन्धन खर्च, मर्मत खर्च, भ्रमण खर्च र खाना खाजा तथा विविध खर्चमा निम्नानुसार खर्च भएको देखिएकोले आगामी दिनमा यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| **सि.नं.** | **खर्च शिर्षक** | **खर्च रकम** |
|---|---|---|
| १ | खाना खाजा तथा विविध खर्च | १९८९१६२ |
| २ | इन्धन खर्च | ९०००००० |
| ३ | मर्मत खर्च | २९७६८१८ |
| ४ | अनुगमन मूल्यांकन | १०००००० |
| **जम्मा** | | १४९६५९८० |

२५.३ **इन्धन खर्च :** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ को अनुसुचि १(क) मा गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षलाई प्रति महिना १२५ लि. ईन्धन उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष इन्धनमा पदाधिकारी, कार्यालय प्रयोजन तथा भारी उपकरणमा रु. ९००००००।०० इन्धन खर्च गरेको छ । पालिकाले सवारी साधन अनुसार पदाधिकारी ईन्धन, कर्मचारी ईन्धन र अन्य उपकरणमा भएको वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन।सहायक जिन्सी अनुसार स्थानीय तहमा पालिका प्रमुखको लागि चारपाङ्ग्रे १ वटा सवारी साधन प्रयोगमा रहेको देखिन्छ। पदाधिकारीको सुविधा अनुसार उक्त सवारी साधनलाई वर्षभरी १५०० लिटर ईन्धन खर्च गर्नुपर्दछ। उक्त ऐन अनुसार १ सवारी साधनमा बर्षभरीमा पालिकाले गत वर्षको इन्धनको मूल्यलाई औषतमा गणना गर्दा प्रति लिटर रु. १७५।० को दरले १५०० लिटरको प्रमुखको लागि ईन्धन खर्च वार्षिक रु. २६२५००।० हुनुपर्ने देखिन्छ।पालिकामा संचालनमा रहेका १ वटा स्कारपियो गाडिको लागि प्रति महिना १०० ली. को दरले रु. २१००००।० र संचालनमा रहेका ३२ वटा दुई पाङग्रे सवारी साधनको लागि प्रति महिना १५ लिटर रु. १७५। को दरले रु १००८०००।० गरि कर्मचारी ईन्धनमा बार्षिक रु. १२१८०००।०० खर्च हुने देखिन्छ।पालिकाबाट संचालनमा रहेका जे. सी. वी, एम्बुलेन्स, ट्याक्टर, जेनेरेटर, बारुणयन्त्र र ट्रिपरको ईन्धन खर्च विवरण पेश नभएकोले ईन्धन खर्च एकिन गर्न सकिएन।पालिकाबाट यस वर्ष ईन्धन खर्च रु. ९००००००।० भएकोमा पदाधिकारी र कर्मचारी ईन्धन खर्च रु. १४८०५००।०० भएको देखिन्छ भने अन्य खर्चको विवरण प्राप्त भएको छैन तसर्थ इन्धन खर्च गर्दा ईन्धन खर्चको मपदण्ड तयार गरि सोही बमोजिम ईन्धन खर्च गर्नुपर्ने तथा खर्च प्रमाणित गर्न लगबुक राख्ने र आधिकारीक व्यक्तिबाट समेत प्रमाणित गराई इन्धन खर्चमा

नियन्त्रण गर्ने व्यव्स्था हुनुपर्दछ।

२५.४ (२२६-२०८१-३-२७):

**कर दाखिला छुटः** करार सेवा पदपुर्ति समितिका पदाधिकारीहरुको बैठक भत्ता वितरण गर्न कम्प्युटर अपरेटर श्री हरेन्द्र कुमार साहले लिएको पेश्की रु. १५००००।० फर्स्यौट हुँदा कट्टी भएको पारिश्रमिक कर रु. २०९७०।० दाखिला नभएकोले उक्त रकम कार्यक्रम संचालक श्री हरेन्द्र कुमार साहबाट असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,९७० |

२५.५ **मोटरसाईकल चोरीः** पालिकाका कर्मचारी सि. अ. हे. व. श्री खुर्सेद आलमले प्रयोग गरेको ना. १ ब २९८० नम्बरको सरकारी मोटर साईकल निजको निजी आवासबाट चोरी भएको जिल्ला प्रहरी कार्यालयको मुचुल्का र पालिकाले पेश गरेको विवरणबाट देखिन्छ।चोरी भएको मोटरसाईकल खोजी कार्य जारी रहेकोमा फेला नपरेको पालिकाले जनाएको छ।

२५.६ **मापदण्ड भन्दा बढी भुक्तानी:** प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को बुंदा नं १५ अनुसूचि २ मा कार्यक्रम संचालन गर्दा खर्चको मापदण्ड निर्धारण गरेको छ।पालिकाले संचालन गरेको विभिन्न तालिम तथा कार्यक्रममा निर्धारित मापदण्ड भन्दा फरक दरमा भुक्तानी दिएको देखियो। लेखापरीक्षणको क्रममा नमुना छनौटमा परेका देहायका कार्यक्रममा मापदण्ड भन्दा बढी भुक्तानी दिएको रु. सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु.

| क्र.स | विवरण | संख्या | मापदण्ड अनुसार दर | भुक्तानी दर | बढी रकम |
|---|---|---|---|---|---|
| १ | **१०२-२०८०।११।४ दलित अधिकार मंच (सिपमूलक तथा जनचेतना मूलक तालिम) रु.६०००००** | | | | |
| | सहभागी खाना | ९०० | तालिम कार्यालय समयमा संचालन (भुक्तानी दिन नमिल्ने) | ३०० | २७०००० |
| | सहभागी यातायात | ८५० | १५० | ३०० | १२७५०० |
| | सहयोगी भत्ता | १० | २५० | १५०० | १२५०० |
| **जम्मा** | | | | | **४१००००** |
| २ | **४९-२०८०।६।२४ महिला तथा बालबालिका सामुदायिक विकास केन्द्र** (किशोर किशोरीलाई शिक्षा तालिम **रु.१४५१०२०**) पूजिगत (सेसन १) | | | | |
| | सहभागि स्टेसनरी | ५५ | १५० | ३०० | ८२५० |
| | सहभागी खाना | ३०० | तालिम कार्यालय समयमा संचालन (भुक्तानी दिन नमिल्ने) | ३२५ | ९७५०० |
| | सहभागी यातायात | ३०० | १५० | ५०० | १०५००० |
| | सहयोगी भत्ता | ५ | २५० | ५०० | १२५० |
| | सहभागी खाजा | ३२५ | २५० | ५५० | ९७५०० |
| | प्रतिवेदन लेखन | १ | २००० | ५००० | ३००० |
| **जम्मा** | | | | | **३१२५००** |
| ३ | **४९-२०८०।६।२४ महाल तथा बालबालिका सामुदायिक विकास केन्द्र** (बालविबाह न्युनिकरण कार्यक्रम **रु.१४५१०२०**) पूजिगत (सेसन २) | | | | |
| | सहभागि स्टेसनरी | १२० | १५० | २०० | ६००० |
| | सहभागी खाना | ६५० | तालिम कार्यालय समयमा संचालन (भुक्तानी दिन नमिल्ने) | ३०० | १९५००० |
| | सहभागी यातायात | ६०० | १५० | ५०० | २१०००० |
| | सहयोगी भत्ता | २० | २५० | ५०० | ५००० |
| | सहभागी खाजा | ६५० | २५० | ५२५ | १७८७५० |
| | संयोजक भत्ता | १० | ४०० | १५०० | ११००० |
| **जम्मा** | | | | | **६०५७५०** |
| ४ | **१४९-२०८०।११।११ दलित सामुदायिक विकास केन्द्र (दलित समुदायमा सामाजिक कु संस्कार कार्यक्रम) रु.९९८०००** पूजिगत | | | | |
| | सहभागी यातायात | १५०० | १५० | ३०० | २२५००० |
| | सहयोगी भत्ता | २५ | २५० | ५०० | ६२५० |
| | संयोजक भत्ता | २५ | ४०० | १२०० | २०००० |
| | मास्क, साबुन खर्च | १५०० | भुक्तानी दिन नमिल्ने | ७५००० | ७५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | | | | | ३२६२५० |
| ५ | **२६१-२०८१।३।२० समाज विकास अभियान (प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम) रु.९९८०७०** | | | | |
| | सहभागी यातायात | १४६४ | १५० | ३०० | २१९६०० |
| | सहयोगी भत्ता | २४ | २५० | ५०० | ६००० |
| | संयोजक भत्ता | ६ | ४०० | १२०० | ४८०० |
| | स्यानेटरी प्याड प्रयोग विधि | भुक्तानी दिन नमिल्ने | | ३०००० | ३०००० |
| | अनुगमन भत्ता | ४८ | भुक्तानी दिन नमिल्ने | १२०० | ५७६०० |
| **जम्मा** | | | | | **३१८०००** |
| ६ | **२५०-२०८१।३।१९ जागरुक समाज नेपाल रु.९५१२५९ (पूँजिगत कार्यक्रम तर्फ)** | | | | |
| | सहभागी यातायात | ३०० | १५० | १००० | २५५००० |
| | सहयोगी भत्ता | २४ | २५० | १००० | १८००० |
| | संयोजक भत्ता | १२ | ४०० | १६०० | १४४०० |
| | फ्ल्याक्स बोर्ड जडान | ५० | भुक्तानी दिन नमिल्ने | ५००० | २५०००० |
| | सहभागि स्टेसनरी | १०४ | १५० | १५०० | १४०४०० |
| | सहभागी खाजा | ४२० | २५० | ३५५ | ४४१०० |
| | प्रतिवेदन लेखन | १ | २००० | ६००० | ४००० |
| **जम्मा** | | | | | **७२५९००** |
| **कुल जम्मा** | | | | | **२६९८४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,९८,४०० |

२५.७ **पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्दछ।पालिकाबाट विभिन्न कार्यक्रम संचालन गर्न गैर सरकारी संस्थालाई पेश भएको प्रस्तावनाको आधारमा प्रशिक्षक भत्ता, अनुगमन भत्ता, प्रतिवेदन लेखन लगायत अन्य भत्ता भुक्तानी दिंदा गैर सरकारी संस्थाबाट कर कट्टी भएको छैन।पारिश्रमिक भुक्तानी दिंदा कर कट्टि नभएको रकम रु. ६६७८०।० सम्बन्धित संस्थाबाछ असुल गर्नुपर्ने रु.

| क्र स | भौ नं र मिति | संस्थाको नाम | भुक्तानी रकम | प्रशिक्षक।अनुगमन।प्रतिवेदनको रकम | कर रकम |
|---|---|---|---|---|---|
| १ | २५०।०८१।३।१९ | जागरुक समाज नेपाल | ९५१२५९ | ४४५२०० | ६६७८० |
| **जम्मा** | | | | | **६६७८०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,७८० |

२५.८ (१३-२०८१-२-३१):

**बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ।नगरपालिका कार्यालय र वडा कार्यालयको कम्प्युटर, प्रिन्टर, कार्टेज रिफिलिङ गरेवापत २०८०।१०।१८ को सम्झौता पत्रानुसार अंकित आईटी सोलुसन रौतहटलाई रु. २५००००।० भुक्तानी दिनुपर्नेमा रु. २८५६५०।० भुक्तानी गर्दा रु. ३५६५०।० बढी भुक्तानी भएको छ।बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,६५० |

२५.९ **पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्दछ।पालिकाका वडा कार्यालयबाट अन्तरक्रिया तथा घरभेट कार्यक्रम अन्तर्गत सर्वदलिय समितिको बैठक लगायतका विभन्न कार्यक्रमा भत्ता वितरण गर्दा पारिश्रमिक कर कट्टी भएको छैन।समितिको बैठक बस्दा भत्ता वितरण भएकोमा कर कट्टी नभएको निम्नानुसारका सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु

| **क्र स** | **कार्यक्रम संचालक** | **भत्ता रकम** | **कर कट्टी रकम** |
|---|---|---|---|
| १ | वडा सचिव श्री मनभक्त राई | ६५५०० | ९८२५ |
| २ | क अ श्री सवाना प्रविण | १२६००० | १८९०० |
| ३ | वडा अध्यक्ष श्री शेख हसिन अख्तर | १०६५०० | १५९७५ |
| ४ | वडा सचिव श्री जयमंगल महतो | ७७००० | ३९७६ (दाखिला बाँकी) |
| ५ | क अ श्री शेख हजरत अली | ७०००० | ४१०० (दाखिला बाँकी) |
| ६ | वडा अध्यक्ष श्री इन्ताज हुसेन | ६७५०० | ६९७५ (दाखिला बाँकी) |
| ७ | वडा अध्यक्ष श्री शेख सोयव | ८८५०० | १३२७५ |
| ८ | वडा अध्यक्ष श्री शेख नसरुल हक | ४८००० | ५४५८ (दाखिला बाँकी) |
| **जम्मा** | | | **७८४८४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,४८४ |

२६ **अग्रिम आयकरः** आयकर ऐन,२०५८ को दफा ८९ (१) वासिन्दा ब्यक्तिले ठेक्का वा करार वापत पचास हजार रुपैया भन्दा बढि रकमको भुक्तानी गर्दा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भौचर नं ११।८०।६।१० मा बाढीवाट प्रभावित घरपरिवारलाई राहत सामाग्री का स अनुठा ठाकुर मार्फत २०० जनाको लागी त्रिपाल दाल चामल जस्ता सामाग्री वापत रु १४३८०००।० निमुनानुसारका फर्मलाई पान बिलवाट भुक्तानी गरेकोमा आयकर ऐन अनुसार करकट्टी गरेको देखिएन । नियमानुसार कर कट्टि गरि सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु.

| सि नं | विवरण | फर्मको नाम | भुक्तानी रकम | कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | चिउरा खरिद | सतिस चिउरा मिल | ७०००० | १०५० | पान विलवाट भुक्तानी |
| २ | त्रिपाल खरिद | दुर्गा हार्डवयर | ३२९८०० | ४९७४ | |
| ३ | दाल खरिद | केशरि जनरल स्टोर्स | ८४००० | १२६० | |
| ४ | चामल खरिद | अमर किराना पसल | १८८८०० | २८३२ | |
| ५ | खाध्य पदार्थ खरिद | साहव राईस मिल | ७००००० | १०५०० | |
| जम्मा रु | | | | २०६१६ | |

| असुल गर्नुपर्ने | २०,६१६ |
|---|---|

२७ **गुणस्तर परीक्षण प्रतिवेदन पेश नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा प्रत्येक सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात शिलशिलावद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । विगत वर्षमा सम्झौता भई वहुवर्षीय योजनाको रुपमा रहेका वा चालु बर्षमा संचालित अधिकांस निर्माण सम्बन्धि कार्यमा प्रयोग भएका निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरी सोको प्रमाण पत्र संलग्न गर्ने गरेको देखिएन । तोकिएका आइटमको Quality Test Report पेश नभएकोले गुणस्तर सम्वन्धमा आश्वस्त हुने आधार देखिएन । तोकिय बमोजिम योजनाको निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराई योजनाको दीगोपन कायम गर्नुपर्ने देखिएको छ ।

२८ **लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

२९ **फोहरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३० **उपभोक्ता समिति तर्फ**

३०.१ **उपभोक्ता समितिबाट भएका कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ ।स्वीकृत वार्षिक कार्यालयगत योजना बमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन,

ख) हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

ग) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको पाइएन,

घ) कार्यालयले उपभोक्ताको भुक्तानी दिनु अगाडी गुणस्तर र परिमाण चेक जाँच गरी भुक्तानी दिएको पाइएन,

ङ) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

च) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट खुलाएको पाइएन,

छ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ज) कार्यालयले पेश गरेको लागत अनुमान एवं प्राविधिक मूल्याङ्कनमा कहिकतै मिति उल्लेख नभएकोले लागत अनुमान स्वीकृती र समयमै कार्य भए नभएको सम्बन्धमा एकिन हुने आधार रहेन,

झ) अधिकांश प्राविधिक मूल्याङ्कन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी कितावको नम्वर उल्लेख गरी अलगै अभिलेख राख्नु पर्दछ ।

३०.२ **उपभोक्ता समितिले बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु.२० लाख भन्दा माथिको काम गराउँदा र नियमावलीको नियम ११२ मा निर्माण ब्यबसायीले अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट तथा निर्माण ब्यवसायीवाट रु.२० लाख भन्दा माथिको निर्माण कार्य गरेतापनि अनिवार्य बीमा गरेको पाइएन ।अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

| भौचर नं मिति | फर्म /उपभोक्ता समितिको नाम | लागत अनुमान | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३९।८०।६।२२ | किशोरीको घर देखी गलर्स मदर्सा जौ बैरको घर सम्म पिसिसि ढलान कार्य उस | ६३४८५६९ | ६१५९४९३ | |
| ४०।८०।६।२२ | वडा नं १ बहुर्वा मस्जिद देखि खलिदको घर सम्म पिसिसि ढलान कार्य उस | २७२३५४५ | २४५११९१ | |
| ३३।८०।६।२२ | दमाद टोल खानेपानी कम्पाउण्ड वाल निर्माण उस | ९२२०९०४ | ७७९५०३७ | |
| ४७।८०।६।२४ | वडा नं ३ उत्तरवारी मस्जिद देखि जनाजगाहा सम्म पिसिसि ढलान उस | ३८५३०८८ | ३८४८५४६ | |
| ४८।८०।६।२४ | भगवानपुर टोल नहर देखि नासिमको घर सम्म पिसिसि ढलान कार्य उस | २९१९०६० | २८००१३८ | |
| ५५।८०।६।२६ | मनोज साह वनियाको घर देखि सौखतको घर सम्म ग्राभेल पिसिसि कार्य उस | ३४१४८८५ | २०७९४९७ | |
| ५७।८०।६।२६ | प्राशासकिय भवन कम्पाउण्ड वाल निर्माण उस | ६८३८४९६ | ६०८००४७ | |
| ६८।८०।८।१५ | ६ नं वडा कार्यालय भवन तथा कम्पाउण्ड वा निर्माण | ५३९४३८७ | ३८५५८७६ | |
| १०५।१०।२१ | श्री जनता मावी फतुवा महेशपुर | ४३२५९८० | ३८९१००० | |
| २६७।८१।३।२१ | जनाजगाह कम्पाउरण्ड वाल तथा ग्राभेल उस | २८९६८८९ | २१००००० | |
| २६९।८१।३।२१ | शेख उमर फरुकको खलियान सडक गंराभेल तथा ढलान उस | ३८५५१०३ | २६३६७७१ | |
| २७।८१।३।२३ | वडा नं ३ कब्रीस्थान निर्माण उस | ४०००९७० | २०६५७४६ | प्रदेश तर्फ |

३०.३ **आनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको १० अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारको योजनाहरुको लागत अनुमान अनुसार १० प्रतिशत उपभोक्ताको योगदान र पालिकाबाट९० प्रतिशत भुक्तानीको अंश समाबेश गरी सम्झौता गरेकोमा सम्झौता अनुसारको न्युन कार्यसम्पादन भएको अबस्थामा आनुपातिक कट्टी घटी गरेको देखियो । तसर्थ नियमानुसार अनुपातिक कट्टी रकम घटी भएकाले सोको प्रमाण पेस गर्नुपर्ने रु.

| भौ. नं मिति | योजनाको नाम | लागत अनुमान रु | नपा अनुदान रु | कार्यसम्पन्न रकम रु | भुक्तानी हुनुपर्ने रु | भुक्तानी रकम रु | बढी भुक्तानी रकम रु |
|---|---|---|---|---|---|---|---|
| ७१।२०७९।७।१६ | राजापुर न पा २ मठगांउ बाउण्ड्री वाल निर्माण उस चन्द्रिका हजार । | २८९६८८९ | २५००००० | २६३५४२५ | २३७१८८२ | २४०८४५६ | ३६५७४ |
| २७।८१।३।२३ | वडा नं ३ कब्रस्थान निर्माण कारय उसर | ४०००९७० | २०००००० | २०६५७४६ | १९६२२५८ | २०६५७४६ | ३७५४२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,११६ |

३०.४ **उपभोक्ता समिति दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।

३०.५ **इट्टाको खरिद मुल्य र प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ। यस गाउँपालिकाले भवन निर्माण, पर्खाल निर्माण भवन विभागको नर्मस ग-c2 गारो लगाउने काममा इटाको सख्या राख्दा साइज अनुसारको अडकल गरि थपघट गर्न मिल्ने व्यवस्था छ। गाउँपालिकामा प्रयोग भएको इटाको साइज नर्म्स भन्दा ठूलो साइजमा (२३*११.५*६.५ से मि ) थप १० एम एम मोर्टार समेत गणना गर्दा हुने प्रति घनमिटर ५०० गोटा लाग्नेमा ईट्टाको साईज नहेरी नर्म्समा दिएको प्रति घनमिटर ५६० वटा ईटा लाग्ने गरी लागत अनुमान तयार पारी ६०ईट्टाको थप भुक्तानी हुने गरेको छ।साथै गाउँपालिकाबाट संचालित बिभिन्न योजनाहरुमा भने निम्नानुसार उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरी पेश गरेको बिलमा पालिकावाट दर बिष्लेषण गरि तयार पारेको दररेटमा उल्लेखित प्रथम श्रेणीको ईट्टा प्रति गोटा रु १४।५० कायम गरेकोमा सो भन्दा कम दरमा खरिद गरेको देखिन्छ।तर पालिकाले विल भुक्तानी गर्दा विलमा उल्लेखित दर अनुसार भुक्तानी दिनुपर्नेमा दररेटमा उल्लेखित दरमानै भुक्तानी गरेको देखियो ।यसरी भुक्तानी गर्दा उपभोक्ता समितिले भुक्तानी गरेको मुल्य अभिवृद्धि कर र परल मुल्य भन्दा बढि भुक्तानी हुन जाने भएकाले उपभोक्ता समितिले तिरेको वास्तविक खरिद मुल्मानै भुक्तानी गर्ने ब्यवस्था हुनुपर्दछ ।फरक परेका केहि उदाहण निम्नानुसार रहेका छन ।

| भौ न. मिति | योजनाको नाम | भुक्तानी भएको दर | विलमा उलेखित दर | प्रयोग भएको ईट्टा संख्या | फरक दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| २७।८०। ६।२२ | वडा नं ४ डा अमरुलको घरदेखि मस्जिद सम्म नाला निर्माण उस | १४।५० | ७ | ५००० | ७। ५० | ३७५०० |
| २९।८०। ६।२२ | वडा नं ९ शेख मनिरको घर देखीजयराम खलिहान सम्म नाला ग्राभेल तथा पोल तर जडान कार्य | १४।५० | ७ | ४००० | ७। ५० | ३०००० |
| ३२।८०। ६।२२ | वडा नं ८ रहमानिया मस्जिद तथा सडक ढलान उस | १४।५० | ७ | १५००० | ७। ५० | ११२५०० |
| ३३।८०। ६।२२ | दमाद टोल खानेपानी कम्पाउण्ड वाल निर्माण उस | १४।५० | ७ | ८००० | ७। ५० | ६०००० |
| ३५।८०। ६।२४ | वडा नं ४ हजाम टोलको मदरसा भवनको छत ढलान उस | १४।५० | ७ | ५००० | ७। ५० | ३७५०० |
| ५७।८०। ६।२६ | प्राशासकिय भवन कम्पाउण्ड वाल निर्माण उस | १४।५० | ७ | १५४००० | ७। ५० | १०७८०० |
| १०५। १०।२१ | श्री जनता मावी फतुवा महेशपुर पिसिसि १:३:६आव ८०।८१ | १४।५० | ७ | ६५००० | ७। ५० | ४८७५०० |
| जम्मा रु | | | | | | ८२७८००। |

३०.६ **दर विश्लेषण भन्दा बढी भुक्तानी** भौचर न ९८।८०।११।१३ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरि नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादन र दररेटको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले छतवाटोल उमेश कुसवाहको घरदेखी उत्तर तर्फको सडक नाला ढलान कार्य उसवाट गरेको मध्ये नाला निर्माण कार्यको पि सि सि १:२:४, १:३:६ मिक्सको र ईट्टा जडान १:४ मसलामा पालिकाले तयार गरेको भवनको दर बिष्लेषणमा सडकको र सडकको दर विष्लेषण भवनको दर बिष्लेषणमा उल्लेखित प्रति घनमिटर दर भन्दा निम्नानुसर बढि भुक्तानी गरेको देखिएको छ ।स्थानीय श्रोत साधनको उपलब्धतालाई समेत विचार गरी किफायति नर्म्स प्रयोग गरी निर्माण कार्य गराउनुपर्नेमा फरक नर्म्स प्रयोग गरी तथा निर्माण कार्यको strength test समेत नगरेको अवस्थमा पालिकालाइ वढी व्ययभार पर्न गएको देखिन्छ ।यसरी गरेको बढि भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिवाट फरक परेको प्रमाण पेश हुनुपर्ने रु.

| भौचर नं | योजनाको नाम | भुक्तानी दररेट | नर्मस अनुसार तथा जिल्ला दररेट | फरक दर | परिमाण | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १०५।१०। २१ | श्री जनता मावी फतुवा महेशपुर पिसिसि १:३:६आव ८०।८१ | ११२७८ | १०२३९।१३ | १०३८। ८७ | ६।८१ | ७०७४ |
| ११२।८०। १०।२१ | आपतकालिन सडक मर्मत तथा ग्राभेल वडा नं २ ३ ४ River Bed Mix gravel | २३०० | २२०० | ६०८। ०८ | १० | ६०८०० |
| ११९।८०। १०।२३ | ओजेरको घरदेखि डबरा सम्म नया वाटी निर्माण वडा नं ४ River Bed Mix gravel | २३०० | २२०० | १०७। ०३ | १०० | १०७०३ |
| १२९।८०। १०।२९ | शेख मनिरामको घर देखी जयराम खलिहानको घर सम्म पिसिसि ढलान पिसिसि १:२:४ फर्मा समेत उस | १२१८२। ८७ | ११००५।८२ | १८।९९ | ११७७। ०४ | २२३५२ |
| १५१।८०। ११।१४ | वडा नं ९ समिम मस्जिद दक्षिणवारी टोलमा मर्मत सम्भार भवन दर पिसिसि १:२:४ | १३१०६। ५० | १२१५४।४० | २५।८८ | ९१२। ५० | २३६१५ |
| | | | | | | १२४५४४। ० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२४,५४४ |

३०.७ **खरिद मुल्य भन्दा बढी दरमा भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापि कितावमा प्रमाणित भएको आधारमा भुक्तानी हुनु पर्ने व्यवस्था छ।जिल्ला दर रेटमा OPC सिमेन्टको को र PPC सिमेन्टको रु.६७० स्विकृत भएको अवस्थामा पालिकाबाट संचालनमा भएका निम्न योजनाहरुमा दर विश्लेषणमा OPC सिमेन्ट रु.७६०। राखेको तर उपभोक्ता समितिले पेश गरेको विल oPC सिमेन्टको रु ५०० देखि ५६०।दरले र डण्डीमा ११५।का दरले राखेकोमा बिलमा ९५ देखि १०१ सम्ममा खरिद गरेको देखिन्छ ।दर बिष्लेषणमा कायम भएको भन्दाकम दरमा खरिद गरेको देखिएकाले खरिद मुल्य भन्दा बढी भुक्तानी भएको छ । यसरी भुक्तानी गर्दा उपभोक्ता समितिले भुक्तानी गरेको मुल्य अभिवृद्धि कर र परल मुल्य भन्दा बढि भुक्तानी हुन जाने भएकाले उपभोक्ता समितिले तिरेको वास्तविक खरिद मुल्यमानै भुक्तानी गर्ने ब्यवस्था हुनुपर्दछ ।फरक परेका केहि उदाहरण निम्नानुसार रहेका छन ।

| भौ न. मिति | योजनाको नाम | भुक्तानी भएको दर | विलमा उलेखित दर | प्रयोग भएको सिमेन्ट बोरा तथा डण्डी | फरक दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| २७।८०।६।२२ | वडा नं ४ डा अमरुलको घरदेखि मस्जिद सम्म नाला निर्माण उस | ७६० | ५६० | २०० | २०० | ४०००० |
| | | ११५ | १०० | २००० | १५ | ३०००० |
| २९।८०।६।२२ | वडा नं ९ शेख मनिरको घर देखी जयराम खलिहान सम्म नाला ग्राभेल तथा पोल तार जडान कार्य | ११५ | १०९।५ | ८२५ | ५।५० | ४५३७ |
| ३१।८०।६।२२ | वडा नं महिमको घर देखि अकवर अलिको घर सम्म बाटो ग्राभेल तथा मर्मत उस | ७६० | ५५० | ७१० | २१० | १४९१०० |
| ३२।८०।६।२२ | वडा नं ८ रहमानिया मस्जिद तथा सडक ढलान उस | ७६० | ४७० | २५० | २९० | ७२५०० |
| ३३।८०।६।२२ | दमाद टोल खानेपानी कम्पाउण्ड वाल निर्माण उस | ७६० | ५५० | ६०० | २१० | १२६००० |
| | | ११५ | १०१ | ४००० | १४ | ५६००० |
| ३५।८०।६।२४ | वडा नं ४ हजाम टोलको मदरसा भवनको छत ढलान उस | ७६० | ४९० | १०५ | २७० | २८३५० |
| ३९।८०।६।२२ | किशोरीको घर देखी गलर्स मदर्सा जौ बैरको घर सम्म पिसिसि ढलान कार् उस | ७६० | ५६५ | २९१० | १९५ | ५६७४५० |
| ४०।८०।६।२२ | वडा नं १ बहुर्वा मस्जिद देखि खलिदको घर सम्म पिसिसि ढलान कार्य उस | ७६० | ६१० | १४०० | १५० | २१०००० |
| ४७।८०।६।२४ | वडा नं ३ उत्तरवारी मस्जिद देखि जनाजगाहा सम्म पिसिसि ढलान उस | ७६० | ५२० | ११५० | २४० | २७६००० |
| ४८।८०।६।२४ | भगवानपुर टोल नहर देखि नासिमको घर सम्म पिसिसि ढलान कार्य उस | ७६० | ५५० | १४५९ | २१० | ३१३९५० |
| ५५।८०।६।२६ | मनोज साह वनियाको घर देखि सौखतको घर सम्म ग्राभेल पिसिसि कार्य उस | ७६० | ५५५ | ८४० | २०५ | १७२२०० |
| ५७।८०।६।२६ | प्राशासकिय भवन कम्पाउण्ड वाल निर्माण उस | ७६० | ५४७ | १७५० | २१३ | ३२७७५० |
| | | ११५ | ९८ | ८७०० | १७ | १४७९०० |
| १०५।१०।२१ | श्री जनता मावी फतुवा महेशपुर पिसिसि १:३:६आव ८०।८१ | ७६० | ५६८ | ११५० | १९२ | २२०८०० |

३१ **खरिद तर्फ**

३१.१ **वार्षिक खरिद योजना/गुरुयोजना** – सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५५६८५०००।० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम

वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३१.२ **धरौटी कट्टा नभएको** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१)मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ् बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम भुक्तानी गर्नुपर्ने र सोहि नियमको उप नियम ४ मा उप नियम १ बमोजिमको रकम भुक्तानी गर्दा रिटेन्सन मनिवापत रनिङ् वा अन्य बिल वा बिजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने ब्यवस्था गरेको छ ।पालिकावाट विभिन्न भौचर नं रकम भुक्तानी गरेकोमा नियमानुसार ५ प्रतिशतले हुने धरौटी वापतको रकम कट्टा गरेको देखिएन । नियमानुसार धरौटी रकम कट्टी गरेर मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

| भौचर न मिति | विवरण | फर्म /उपभोक्ता समिति | भुक्तानी रकम भ्याट समेत | धरौटी रकम |
|---|---|---|---|---|
| ७।८०।६।१० | क्षतिग्रस्त सडक मर्मत | सम्राट निर्माण सेवा | ९७९३०४ | ४३३३२ |
| ९।८०।६।१० | सडक ग्राभेल कार्य | सम्राट निर्माण सेवा | ९८८४४९ | ४३७३६ |
| ४१।८०।६।२२ | वडा नं प्राथिमक स्वाथ्य केन्द्र राजपुर फरहदवामा ओपिडि डेलिभरी कोठा निर्माण | सम्राट निर्माण सेवा | ९६२३०३ | ४२५८० |
| १०७।८०।१०।२१ | कार्यालय भवन निर्माण कार्य | साह निर्माण सेवा | ५१७९२३४ | २२९१७० |
| १०९।८०।१०।२१ | कालोपत्रे सडक दामर देखि राजपुर बोर्डर | मुन्ना कन्ट्रक्सन | ५२७७४०९ | २३३५१३ |
| | | | | ५९२३३१ |

३१.३ **कोटेशन मार्फत निर्माण कार्य** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम तथा नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नुपर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने, प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मूल्यमा खरिद गर्नुपर्ने तथा एउटै प्रकृतिका समान प्रतिस्पर्धी मूल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नुपर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०८०।८१ मा बोलपत्र वा शिलवन्दी दरभाउपत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्वारा गरेको देखिन्छ ।यसरी योजनाको प्रमाण सहितको अभिलेख राखेको देखिएन ।साथै उक्त कार्यको ल्याब परीक्षण समेत गरेको देखिएन । यसरी एउटै प्रकृतिका कार्य फरक फरक लागत अनुमान तयार गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि ४ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउँदा करिब ३० देखि ४० प्रतिशतसम्म घटी प्रतिस्पर्धा भएको देखिन्छ ।यसरी प्रतिस्पर्धा नगरी सोझै रु. कोटेशनद्वारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन ।अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छनः

| भौचर न मिति | योजना/कार्यक्रमहरुको नाम | संस्था/फर्मको नाम | लागत अनुमान | खर्च मुल्यांकन अनुसार | न्युन (%) प्रतिष्प्रधा |
|---|---|---|---|---|---|
| ७।८०।६।१० | क्षतिग्रस्त सडक मर्मत | सम्राट निर्माण सेवा | ९९१६८५ | ९८८२०७ | ०.३५ |
| ९।८०।६।१० | सडक ग्राभेल कार्य | सम्राट निर्माण सेवा | ९९८१६२ | ९९०६६६ | ०.७५ |
| | एल टि लाईन निर्माण विधुतिय पोल र तार | श्रीराम निर्माण सेवा | ९९९६८९ | ९९८७६३ | ०.०९ |
| | एचटि एल टि रिचार्जएवल कार्य ५ | सुशिला निर्माण सेवा | ९९९६०१ | ९९८७६३ | ०.०८ |
| | राम सामुदायिक भवन निर्माण | लक्ष्मी कन्ट्रक्सन | ९९९४२३ | ९९४६४५ | ०.४७ |
| | राजपुर नगरपालिका वडा नं ८ ९ का सडकमर्मत कार्य | अमन निर्माण सेवा | ९९५७८६ | ९९४४३७ | .१३ |
| | सोलार लाईट जडान कार्य | गोर्खा रमन निर्माण सेवा | ९९९६४९ | ९७१६९९ | २.७७ |

३१.४ **मूल्य अभिवृद्धि करमा दर्ता नभएकोसंग खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बीस हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भौचर नं १७।८०।६।१८ वाट विभिन्न छपाई कार्य गरे वापत ग्यालेक्सी ईन्टरप्राईजेजलाई बिस हजार भन्दा कमका १३ वटा बिलवाट रु २७२०६५।भुक्तानी भएकोमा तोकिएको सीमा भन्दा बढी भुक्तानी गर्दा मू. अ.करमा दर्ता नभएको फर्मसँग खरिद गरेको पाइएकोले कानुनको परिपालना नगरि खर्च गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,७२,०६५ |

३१.५ **ठेक्का अभिलेख**–सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ।तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतःस्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ। टेन्डर मार्फत संचालन भएका केहि उदाहरण निम्नअनुसार रहेका छन ।

| सि.न. | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | फर्मको नाम |
|---|---|---|---|---|
| १. | वडा स्तरिय स्वस्थ्य केन्द्र भवन निर्माण | ९७७८५२१ | ९६८०९४० | शिव निर्माण सेवा |
| २. | दामन सिमना देखि राजपुर नगरपालिका पानि ट्याँकको गाउ सम्म सडक निर्माण | ९६७५१८७ | ९६१५०९६ | शिव निर्माण सेवा |
| ३ | कार्यालय भवन निर्माण गत बर्ष ठेक्का | ५७२३०८३५ | ३०२९९७३३ | शाह निर्माण सेवा |
| ४ | दामर देखि राजपुर बोर्डर सम्म कालोपत्रे सडक गत बर्ष ठेक्का | ४७६८५१६७ | २८८०२८१८ | मुन्ना कन्ट्रक्सन |

माथी उल्लेखित ठेक्का विवरण अनुसार २ वटा ठेक्कामा लागत अनुमानकै हाराहारी मा भएको र अन्य २मा ५२.९४ देखी ६०.४० प्रतिशत सम्म न्युन अंकमा ठेक्का लागेको देखिन्छ ।

३१.६

**पाईप प्रयोग तथा भुक्तानीः** सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरि नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले खानेपानी ब्यबस्थापनको लागी महतो कन्ट्रक्सन वाट गो. भौ. नं. ११४।२०८०।१०।२२ मा विभिन्न साईजका पाईप रु. ९८६८०६। खरिद गरेको देखिन्छ। तर उक्त पाईप तोकिएको योजनामा प्रयोग गरी कार्यसम्पन्न प्रतिवेदन गरेको देखिएन। खरिद गरिएका पाईप सम्बन्धित योजनामा प्रयोग गरेको प्रमाण पेश हुनुपर्ने रु.

| सि न | विवरण | दर | परिमाण | रकम |
|---|---|---|---|---|
| १ | डिएन १८०एमएम पि एन ६ पिपिई पाईप | ९९० | २६६ मि | २९३०४० |
| २ | डिएन ११०एमएम पि एन ६ पिपिई पाईप | ९०४ | ३९८ मि | ३५९७९२ |
| ३ | डिएन १८०एमएम पि एन ६ पिपिई पाईप | ६६४ | ३२२ मि | २२०४४८ |
| मुल्य अभिवृद्धि कर | | | | ११३५१६ |
| जम्मा रु | | | | ९८६८०६।४० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८६,८०६ |

३१.७ पालिकाले खानेपानी ब्यबस्थापनको लागी पप्पु सप्लायर्सवाट गो. भौ. नं. ११६।२०८०।१०।२२ मा विभिन्न साईजका पाईप रु. ९९०४८२। खरिद गरेको देखिन्छ। तर उक्त पाईप तोकिएको योजनामा प्रयोग गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन। खरिद गरिएका पाईप सम्बन्धित योजनामा प्रयोग गरेको प्रमाण पेश हुनुपर्ने रु.

| सि न | विवरण | दर | परिमाण | रकम |
|---|---|---|---|---|
| १ | डिएन १८०एमएम पि एन ६ पिपिई पाईप | ९९०।५० | ३४७ मि | ३४३७०४ |
| २ | डिएन ११०एमएम पि एन ६ पिपिई पाईप | ९०५ | ३९८ मि | ३६०१९० |
| ३ | डिएन १८०एमएम पि एन ६ पिपिई पाईप | ६६४ | २६०मि | १७२६४० |
| मुल्य अभिवृद्धिकर | | | | ११३९४३ |
| जम्मा रु | | | | ९९०४८२।० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९०,४८२ |

३१.८ **लागत अनुमान तयारः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार रु. १ लाख रुपैंया भन्दा माथिको कुनै पनि खरिद कार्यमा लागत अनुमान तयार गरि सोही बमोजिम निर्माण तथा खरिद कार्य गर्नुपर्ने व्यवस्था छ।कार्यालयले ऐन बमोजिम जिल्ला दररेट र नर्मसको प्रयोग गरि तयार गरिएको दर विश्लेषण अनुसार लागत अनुमान तयार गरि सोही दर बमोजिमको निर्माण कार्य गराउनुपर्ने र सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरि नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादन र दररेटको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । तर नगरपालिका वाट निम्नानुसार का मर्मत सम्भार तथा निर्माण कार्यमा लागत अनुमान तयार नगरि र प्राविधिक नापजाँच नगरी डोर हाजिरको आधारमा सडक मर्मत सम्भार तथा अन्य निर्माण कार्यको भुक्तानी गर्ने गरेको देखियो । यसरी लागत अनुमान र प्राबिधि नापजाँच वेगर डोर हाजिरको आधारमा निर्माण कार्य वा मर्मत सम्भार कार्य गर्नु नियम सम्मत देखिएन ।

| भौचर नं मिति | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ६२।८०।६।२६ | सडक नाला मर्मत सम्भार | का स जितेन्द्र कुमार | ४७५००० |
| १३२।८०।११।०४ | नगरपालिका भित्र विभिन्न स्थानमा सडक मर्मत सम्भार | विभिन्न ब्यक्ती डोर हाजिर वाट | ३१५००० |
| २७२।८१।३।२१ | सडक नाला सरसफाई कार्य डोर हाजीरवाट | पेश्की फर्छ्यौट शेख सोयल | १०००००० |

३२ **धार्मिक कार्यक्रम खर्च :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउनु पर्दछ । केहि उदाहरण

| सि नं | भौचर नं मिति | विवरण | ब्यक्ती तथा फर्म | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५०।८०।६।२५ | दुर्गा भगवती पूजाको लागी | मनोज कुमार | ७५००० | निवेदन आदेश स्वीकृती नभएको |
| २ | ५१।८०।६।२५ | रामजानकी मठमा दुर्गा पुजा को लागी | रामआधार प्रसाद कलवार | ५०००० | निर्णय आदेश स्वीकृती तथ निवेदन संलग्न नभएको |
| ३ | ५४।८०।६।२३ | दुर्गा पुजा कार्यक्रमको लागी | नवदुर्गा पूजा समिति अध्यक्ष | १५०००० | भर्पाई संलग्न नभएको |
| ४ | २२३।८१।२।९ | जानको मठमा शिवरात्री पूजा को लागी | चन्द्रिका हजारा | ५०००० | |

३३

३४ **जन प्रतिनिधिलाई साईकल वितरण :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको कार्यालयले नियमितता, मितव्ययितता, कार्यदक्षता, प्रभावकारिता र औचित्यलाई विचार गरी खर्च गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले व्यक्तिगत प्रयोजनको लागी साईकल ४० थान राधा कृष्ण ट्रेडर्स एण्ड सप्लायर्स बाट प्रति पिस रु १२०००।० का दरले भौ न १८। २०८०।६।१८ बाट रु ५४२४००।० (मुल्य अभिवृद्धि कर समेत ) गरी भुक्तानी गरेकोमा उक्त साईकल जन प्रतिनिधलाई नगर सभाबाट निर्णय गराई वितरण गरेको जिन्सी शाखाले जनाएको छ ।जनप्रतिनिधीलाई साईकल उपलब्ध गराउने कानुनी आधार देखिएन।साईकलको प्रयोजन समेत नखुलेकोले प्रयोजन समेत एकिन गरी कानून विपरितको सुविधा दिनु नियममित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,४२,४०० |

३५ **वितरणमुखी तथा अनुत्पादक खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने र दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । पालिकाले विभिन्न सप्लायर्स वाट समाग्री वितरण जस्ता कार्यक्रम राखी निम्न अनुसार खर्च गरेको छ ।सार्वजनिक श्रोतको उपयोग गर्दा

अधिकतम प्रतिफल सुनिश्चित हुने गरी अनुत्पादक तथा प्रतिफल बिहिन खर्चमा नियन्त्रण गर्नुपर्दछ । जसको केहि उदाहरण निम्न बमोजिम रहेको छ ।

| गौ भौ न र मिती | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १४।०८०।०६।१८ | पियूष ट्रेडर्स एण्ड सप्लायर्स | विभिन्न मोडेलका ३ थान मोवाईल खरिद खर्च | २१००००।० |
| | | गम्छा टिसर्ट विग रेग्जिन हेभि डायरी जस्ता सामान | ७८४४२०।० |
| १९४।८१।१।२३ | विभिन्न समुह लाई | समुदायका विभिन्न रिति रिवाज अनुसार चाड पर्व खर्च वितरण | ५३४७६३ |
| २२०।८१।२१० | असगर अलि राईस मिलवाट | चामल खरिद तथा वितरण | ७८००० |

३६ **जनप्रतिनिधिलाई मोवाइल वितरण :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको कार्यालयले नियमितता, मितव्ययितता, कार्यदक्षता, प्रभावकारिता र औचित्यलाई विचार गरी खर्च गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले व्यक्तिगत प्रयोजनको लागी मोबाईल सेट ४० थान मा अम्वे वाच एण्ड जनरल स्टोर्स वाट प्रति पिस रु २२०००।०का दरले गो भौ नं २०।२०८०।६।१८ बाट रु ९९४४००।० खरिद गरी भुक्तानी गरेकोमा उक्त मोबाईल ४०जना जनप्रतिनिधलाई नगर सभाबाट निर्णय गराई वितरण गरेको जिन्सी शाखाले जनाएको छ । जनप्रतिनिधीलाई मोबाईल उपलब्ध गराउने कानुनी आधार रहेको छैन। मोबाईल को प्रयोजन समेत नखुलेकोले प्रयोग एकिन गरी कानून विपरितको सुविधा दिनु नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,९४,४०० |

३७ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिका सँग घर जग्गाको लगत, सवारी साधनको लगत,उपकरणको लगत ,सरकारी सार्वजनिक जग्गाको लगत तथा सो को सँरक्षणको लागी गरेको प्रयासको विवरण माग गरेकोमा सो अनुसारको विवरण पेश गरेको छैन । यस्तो विवरण पेश नहुँदा मितव्ययी तरिकाले खरिद गरेको, जिन्सी दाखिला तथा सँरक्षण, अन्यत्र असम्बन्धित क्षेत्रमा खर्च प्रवाह गरेको, विग्रेको टुटे फुटेको प्रयोग नभएको, गुणस्तरीय सामग्री संरचना भएको सरकारी सम्पती सँरक्षण गरेको तथा सरकारी सार्वजनिक जग्गा सँरक्षण गरेको सम्बन्धमा विश्वस्त हुन सकिएन ।

३८ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** – पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले नरपालिका पूँजी शिर्षकमा जम्मा रु १४२४५१४४२।० खर्च गरेकोमा निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका चालु प्रकृतिका खर्च, आर्थिक सहायता,कार्य सन्चालन खर्च लागयत लाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट चालु प्रकृतिका खर्च भुक्तानी दिएको पाईयो । यसप्रकारको खर्च प्रवृतिमा पालिकाले यथासम्बभव नियन्त्रण गरी सुधार गर्नुपर्दछ । जसका उदाहरण निम्न अनुसार छन् ।

| क्र सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | रौतहट एफ एम लाई ७८।७९ को बाँकी रकम रु ३०००००। मध्ये हाल भुक्तानी | सुचना प्रसारण | १८९००० |
| २ | महिला तथा सामुदायिक विकास केन्द्र | वालविवाह न्यूनिकरण सम्बन्धि जनचेतना कार्यक्रम | १४९७००० |
| ३ | मनोज कुमार राम आधार र समिति अध्यक्ष समेत ३ जना | विभिन्न मन्दिरमा पुजा कार्यका लागी | २७५००० |
| ४ | का. स. मुकेस प्रसाद यादव | नगर प्रहरी तालिम कार्यक्रम खर्च | ७६५८६० |
| ५ | असलम होटल विभिन्न मितिमा | चियापान खर्च | १७६४५० |
| ६ | गत बर्षका विविध खर्च | नगर सभा लगायतका विभिन्न कार्यक्रममा | ४८६१३० |
| ७ | का स फेकु सहनी | दैवि प्रकोपमा वडा नं का बासिन्दालाई खाना तथा मर्मत डोर हाजिर बाट | १५५७८० |
| ८ | विभिन्न वडा भेलामा भत्ता वितरण | प्रत्येक वडा भेलाको लागी भत्ता वितरण | २५०००० |

३९ **अन्य निकायलाई सहयोग:** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले आफ्नो कार्यक्षेत्र बाहेको क्षेत्रमा लगानी गर्दा खर्चमा दोहोरोपना हुन सक्ने भएकाले आगामी दिनमा कार्यक्षेत्र भन्दा बाहिरको क्षेत्रमा रकम खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।यसका केही उदाहरण निम्न छन्।

| भौचर नं मिति | विवरण | निकाय | रकम |
|---|---|---|---|
| २२७।८१।२।१४ | क्यालेन्डर छपाई वापत | निजामती कर्मचारी यूनियन अध्यक्ष हरिओम प्रसाद लई भुक्तानी | ५००००० |

४० **व्यक्तिको नाममा भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी हुनु पर्नेमा सो नगरि निम्न व्यक्तिहरुको नाममा एकमुष्ट भुक्तानी खर्च लेखी विल भरपाई पेश भएको छ। यसरी भुक्तानी भएको रकम सम्बन्धितले पाए नपाएको तथा जुन कार्यकोलागि भुक्तानी लिएको हो सो कार्य भएको हो भनि यकिन गर्न सकिएन। यस तर्फ पालिकाले सुधार गर्नु पर्दछ। यसका केहि उदाहरणहरुः

| भौ नं. मिति | कार्यक्रम | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ५८।८०।६।२६ | नगरप्रहरी तालिम आवस्यक सामाग्री खरिद | का.स.मुकेस प्रसाद यादव | ७६५८६० |
| ६१।८०।६।२६ | विभिन्न ब्यक्तीलाई आर्थीक सहायता वितरण | का.स. स्तीखार लहेरी | १३५००० |
| ६२।८०।६।२६ | नाली मर्मत तथा सरसफाई कार्यक्रम डोर हाजिरवाट | का स जितेन्द्र कुमार पटेल | ४७५००० |
| ६९।८०।८।२६ | विभिन्न होडीङ वोर्ड दिशा निर्देशबोर्ड बाटो संकेत आदी | क अ रिजवान आलम | १४९७०० |
| ११८।८०।१०।२३ | दैवि प्रकोपमा वडा नं का बासिन्दालाई खाना तथा मर्मत डोर हाजिर बाट | का स फेकु सहनी | १५५७८० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : राजपुर नगरपालिका, रौतहट , राजपुर नगरपालिका , रौतहट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बैजु ठाकुर | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मनोज राज कर्ण | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १०,७०७,३७२ | २९,७९७,४८८ | १९,६०६,७४२ | ० | ० | ६,२१६,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६६,३२७,६०२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६६,३२७,६०२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १७८९६९५१.३५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८७५२२२३८.५३ | **चालु खर्च** | २५०२३०२१६.७२ |
| **प्रदेश सरकारबाट अनुदान** | १३२३४४८६ | **पूँजीगत खर्च** | १८०१३८७४०.३९ |
| **राजश्व बाँडफाँट** | ८३५६४०१६.४७ | **वित्तीय/अन्य व्यवस्था** | १२६२२८६५५.७७ |
| **आन्तरिक आय** | ४३५५७१७.७६ | | |
| **अन्य आय** | १२५२३६३६३.६६ | | |
| **कुल आय** | ५१३९१२८२२.४२ | **कुल खर्च** | ५५६५९७६१२.८८ |
| **बाँकी मौज्दात** | | -२४७८७८३९.११ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।